विधेयक संख्याः

# कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय
प्रदेश सभा भवन
कर्णाली प्रदेश, सुर्खेत

## उद्देश्य र कारण

नेपालको संविधानको धारा २८५ को उपधारा (३) मा प्रदेश मन्त्रिपरिषद्ले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था रहे बमोजिम प्रदेशको निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले "कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तर्जुमा गरी प्रदेश सभामा पेश गरेको छु।

(राज कुमार शर्मा)
मुख्यमन्त्री
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश।

मितिः २०८०।०४।२१

## आर्थिक टिप्पणी

प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा कानूनी व्यवस्था गर्न तर्जुमा गरिएको "कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को दफा ७ मा प्रदेश निजामती सेवाको संगठन तथा दरबन्दी सिर्जना, दफा ८ मा प्रदेश निजामती सेवाको पदपूर्ति, दफा २१ मा सेवा करार नियुक्ति सम्बन्धी व्यवस्था, दफा २७ मा स्तरवृद्धि सम्बन्धी व्यवस्था, दफा ४४ मा तलब भत्ता, दफा ४६ मा कार्य सम्पादन प्रोत्साहन कोष, दफा ४७ मा निलम्बित कर्मचारीले पाउने तलब, दफा ४८ मा चाडपर्व खर्च तथा अन्य सुविधा, दफा ४९ मा कर्मचारी सञ्चय कोष कट्टीमा प्रदेश सरकारले रकम थप गरिदिने, दफा ५० मा सावधिक जीवन विमा, दफा ५१ उपचार खर्च, दफा ५२ मा आवास तथा शैक्षिक बिमा, दफा ५३ मा विशेष आर्थिक सुविधा, दफा ५४ मा तलब तथा सुविधा पुनरावलोकन समिति सम्बन्धी व्यवस्था, दफा ५५ मा अनिवार्य अवकाश, दफा ५८ मा असमर्थ कर्मचारी सम्बन्धी विशेष व्यवस्था, दफा ५९ स्वेच्छिक अवकाश, दफा ६० मा उपदान, दफा ६१ मा निवृत्तिभरण, दफा ६२ मा निवृत्तभरणमा वृद्धि, दफा ६३ मा पारिवारिक निवृत्तिभरण र उपदान, दफा ६५ मा बेपत्ता भएको कर्मचारीको निवृत्तिभरण र उपदान, दफा ६६ मा पारिवारीक निवृत्तिभरण सम्बन्धी विशेष व्यवस्था, दफा ६८ मा योगदानमा आधारित निवृत्तिभरण, दफा ६९ मा निवृत्तिभरण कोष, दफा ७० मा सेवाबाट अलग भएमा पाउने रकम सम्बन्धी व्यवस्था, दफा ७१ मा तलबबाट कट्टी भएको रकम र सोको व्याज पाउने व्यवस्था, दफा ७२ मा निजामती कर्मचारीको तालिम सम्बन्धी व्यवस्था, दफा ७३ मा तालिम, अध्ययन वा अध्ययन भ्रमण सम्बन्धी व्यवस्था, दफा ९६ मा कर्मचारीको सेवा शर्तको सुरक्षामा निजामती कर्मचारीले खाइपाई आएको सेवा सुविधा निजको प्रतिकूल हुने गरी परिवर्तन नहुने व्यवस्था, दफा १२० मा प्रदेश निजामती सेवामा पुनः पद बहाली भएका कर्मचारीले पाउने सुविधा सम्बन्धी व्यवस्था, दफा १२५ मा प्रदेश निजामती सेवा पुरस्कार, दफा १२७ मा प्रदेश निजामती कल्याणकारी कोषको स्थापना र सञ्चालन, दफा १२८ मा सेवा निवृत्त कर्मचारीको सेवा लिंदा पारिश्रमिक उपलब्ध गराउने, दफा १३१ मा अवकाश योजना लागू गर्न सकिने र दफा १३२ मा प्रदेश कर्मचारी अभिलेखालय रहने व्यवस्था गरिएको छ। प्रदेश निजामती सेवाको कर्मचारीको समग्र व्यवस्थापन गर्ने विधेयक भएकोले यसलाई कार्यान्वयनमा लैजाँदा कर्णाली प्रदेश सरकारलाई वार्षिक रुपमा केही व्ययभार पर्न जाने देखिन्छ। तथापी कर्णाली प्रदेश सरकारले वर्तमान अवस्थामा समेत कर्णाली प्रदेश अन्तर्गत कार्यरत निजामती कर्मचारीलाई दिइने सेवा, सुविधा बापत व्ययभार व्यहोर्दै आएको सन्दर्भमा यसले छुट्टै शिर्षक अन्तर्गत व्ययभार सिर्जना गर्ने देखिंदैन।

(राज कुमार शर्मा)
मुख्यमन्त्री
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश।

मितिः २०८०।०४।२१

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा “तोकिएको वा “तोकिए बमोजिम भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ भन्ने व्यवस्था भएकोले सो विधेयकको दफा ४ को उपदफा (२), (३) र (४), दफा ५ को उपदफा (२) र (३), दफा ६ को उपदफा (३) र (५), दफा ७ को उपदफा (१) र (१०), दफा ८ को उपदफा (३), (६), (७), (८), (१२) र (१७), दफा ९ को उपदफा (१) को स्पष्टीकरणको खण्ड (१) र सोही दफाको उपदफा (६), (७) र (११), दफा १० को उपदफा (५), दफा १२ को उपदफा (४), दफा १५ को उपदफा (४), दफा १६ को उपदफा (१), दफा १७, दफा १९ को उपदफा (१), दफा २० को उपदफा (१) को खण्ड (घ), दफा २४ को उपदफा (२) र उपदफा (३) को खण्ड (क), सोही दफाको उपदफा (६) र (१०), दफा २५ को उपदफा (२), दफा २६ को उपदफा (३), दफा २८ को उपदफा (४), दफा ३४ को उपदफा (१), (५), (६), (८), (९), (१०) र (१३), दफा ३६ को उपदफा (३) र (६), दफा ३७ को उपदफा (५), दफा ३८ को उपदफा (१), दफा ४० को उपदफा (६), दफा ४३ को उपदफा (२), दफा ४४ को उपदफा (५), दफा ४६ को उपदफा (१) र (२), दफा ४८ को उपदफा (४), दफा ५० को उपदफा (४), दफा ५१ को उपदफा (६), दफा ६१ को उपदफा (८), दफा ६३ को उपदफा (४), (७) र (८), दफा ६६ को उपदफा (३) र (६), दफा ७२ को उपदफा (३), दफा ७५ को उपदफा (१), दफा ८१ को उपदफा (२), दफा ९० को उपदफा (२), दफा ९२ को उपदफा (१), दफा १०२ को उपदफा (२), दफा १०५ को उपदफा (५), दफा ११६ को उपदफा (१), (२) र (४), दफा ११७ को उपदफा (१), दफा १२१ को उपदफा (२), (३), (४), (५), (६) तथा उपदफा (१२) को खण्ड (घ) र सोही दफाको उपदफा (१४), दफा १२२ को उपदफा (१) र (२), दफा १२५ को उफदफा (१) र (२), दफा १२६ को उपदफा (२), दफा १२७ को उपदफा (२), दफा १२८ को उपदफा (१) र (२),  दफा १२९, दफा १३० को उफदफा (४), दफा १३१, दफा १३२ को उपदफा (५), दफा १३४, दफा १३८ को उपदफा (१) र (२), दफा १३९ को उपदफा (२) र दफा १४० मा उल्लिखित कुराहरु नियमावलीमा समावेश गर्न प्रस्ताव गरिएको छ भने दफा १३८ मा नियम बनाउने अधिकार, दफा १३९ मा आचार संहिता र दफा १४० मा निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने व्यवस्था समावेश गरिएको छ। माथि विभिन्न दफाहरुमा उल्लेख भए अनुसार प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा, प्रत्यायोजित व्यवस्थापनको कारण तथा प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभावहरु देहाय बमोजिम रहेका छन्ः-

| क्र.सं. | विधेयकको दफा/ उपदफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ४ को उपदफा (२), (३) र (४) | प्रदेश निजामती सेवाका विभिन्न सेवामा समूह तथा उपसमूह र सेवा समूहमा रहने विभिन्न पद र ती पदको लागि चाहिने | प्रदेश निजामती सेवामा रहने विभिन्न सेवा, समूह र उपसमूह, विभिन्न पदहरु र त्यस्ता पदको शैक्षिक योग्यता | प्रदेश निजामती सेवाका विभिन्न समूह, उपसमूह, पद र शैक्षिक योग्यता तोकिई पदपूर्ति सम्बन्धी व्यवस्था प्रभावकारी र |

| | | | | |
|---|---|---|---|---|
| | | न्यूनतम शैक्षिक योग्यता र प्रक्रिया नियमावलीमा तोक्न उपयुक्त हुने। | नियमावलीमा तोकिने। | वस्तुनिष्ठ हुने। |
| २. | दफा ५ को उपदफा (२) र (३) | प्रदेश निजामती सेवाका विभिन्न तहमा रहने पद, तह र पदनाम नियमावलीद्वारा राख्न उपयुक्त हुने। | प्रदेश निजामती सेवाका विभिन्न तहमा रहने पदहरुको व्यवस्था नियमावलीमा तोकिने। | सेवा समूह अनुसारका पदहरु निर्धारण भई कार्य विशिष्टता तथा कार्य प्रभावकारिता हुने। |
| ३. | दफा ६ को उपदफा (३) र (५) | कर्मचारीलाई कार्यविवरण दिने र कार्यविवरण बमोजिम कार्यसम्पादन सम्झौताको ढाँचा गर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | कार्यसम्पादन सम्झौतामा रहने विषयहरु र कुनै खास कार्यका लागि सम्बन्धित कर्मचारीलाई कार्यसम्पादन सम्झौता अनिवार्य हुने विषय नियमावलीमा समावेश गरिने। | कार्यविवरण र कार्यसम्पादन सम्झौतामा रहने विषयहरु र ढाँचा निर्धारण भई कार्यसम्पादनमा प्रभावकारिता आउने। |
| ४. | दफा ७ को उपदफा (१) र (१०) | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रक्रियागत व्यवस्था र अस्थायी दरबन्दी सिफारिस गर्ने समितिको संरचना नियमावलीमा राख्न उपयुक्त हुने। | संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने प्रक्रिया, विधि र अस्थायी दरबन्दी सिफारिस गर्ने समितिको संरचना नियमावलीमा निर्धारण हुने। | संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा अपनाउने पर्ने प्रक्रिया निर्धारण र अस्थायी दरबन्दी सिफारिस गर्ने समितिको संरचना तयार भई प्रभावकारी संगठन संरचना निर्माणमा सहयोग पुग्ने। |
| ५. | दफा ८ को उपदफा (३), (६), (७), (८), (१२) र (१७) तथा दफा २० को उपदफा (१) को | शैक्षिक योग्यता, पद र अन्य प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | खुल्ला प्रतियोगिताको लागि उम्मेदवारको योग्यता र पदपूर्ति नहुने स्थायी पद नियमावलीमा तोकिने। | पदपूर्ति प्रक्रिया प्रभावकारी हुने। |

| | | | | |
|---|---|---|---|---|
| | खण्ड (घ) | | | |
| ६. | दफा ९ को उपदफा (१) को स्पष्टीकरणको खण्ड (१), उपदफा (६), (७) र (११) | खस आर्य समूहमा पर्ने व्यक्तिको वार्षिक आम्दानी तोक्ने, अपाङ्गता भएका व्यक्ति बीच प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने प्रक्रियागत विषय र उम्मेदवारहरुले पेश गर्नु पर्ने आवश्यक कागजातहरु नियमावलीमा तोक्न उपयुक्त हुने। | खस आर्य समूहमा पर्ने व्यक्तिको बार्षिक आम्दानी तोकिने, प्रतिस्पर्धाका लागि कुनै खास प्रकृतिका अपाङ्गता तोक्ने, समावेशी समूहका उम्मेदवारका लागि पेश गर्नु पर्ने कागजातहरु लगायत पदपूर्ति सम्बन्धी अन्य प्रक्रिया नियमावलीमा तोकिने। | विपन्न खस आर्य र अपाङ्गता भएका व्यक्तिहरुलाई निजामती सेवामा अवसर प्राप्त हुने र समावेशी प्रमाणित गर्ने कागजातहरु निर्धारण भई पदपूर्ति प्रक्रिया वस्तुनिष्ठ, पारदर्शी र प्रभावकारी हुने। |
| ७. | दफा १० को उपदफा (५) | सचिवको नियुक्ति सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने। | प्रदेश सरकारको सचिवको नियुक्ति सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने। | प्रदेश सचिवको नियुक्तिमा सहजता हुने। |
| ८. | दफा १२ को उपदफा (४) | प्रक्रियागत विषय नियमावलीमा राख्न उपयुक्त हुने। | पदपूर्तिका लागि माग गर्ने प्रक्रिया नियमावलीमा तोकिने। | प्रक्रिया निर्धारण भै कार्यसम्पादन प्रभावकारी हुने। |
| ९. | दफा १५ को उपदफा (४) | नियुक्ति तथा पदस्थापना गर्ने अवधि तोक्ने व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | नियुक्ति तथा पदस्थापना गर्ने अवधि नियमावलीमा तोकिने। | नियुक्ति तथा पदस्थापना गर्ने समयको अन्यौलता नहुने। |
| १०. | दफा १६ को उपदफा (१) | निरोगिताको प्रमाणपत्रको ढाँचा नियमावलीमा तोक्न उपयुक्त हुने। | नियमावलीमा निरोगिताको प्रमाणपत्रको ढाँचा तोकिने। | ढाँचामा एकरुपता आउने। |
| ११. | दफा १७ | शपथ ग्रहणको ढाँचा र प्रक्रिया नियमावलीमा तोक्न उपयुक्त हुने। | शपथ ग्रहणको ढाँचा र प्रक्रिया नियमावलीमा तोकिने। | कार्यसम्पादनमा सहजता हुने। |

| | | | | |
|---|---|---|---|---|
| १२. | दफा १९ को उपदफा (१) | निजामती कर्मचारीले पेश गर्ने व्यक्तिगत विवरणको ढाँचा नियमावलीमा राख्न उपयुक्त हुने। | व्यक्तिगत विवरणको ढाँचा नियमावलीमा तोकिने। | कार्यसम्पादनमा सहजता आउने। |
| १३. | दफा २४ को उपदफा (२) तथा उपदफा (३) को खण्ड (क) र उपदफा (६) र (१०) | सरुवा गर्ने आधार र प्राथमिकता र सरुवा सम्बन्धी प्रक्रियागत कुराहरु नियमावलीमा राख्न उपयुक्त हुने। | निजामती कर्मचारीका सरुवाका आधार, प्राथमिकता, व्यवस्था, बरबुजारथ गर्ने समय र सरुवा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने। | सरुवा प्रणाली व्यवस्थित, वस्तुनिष्ठ, पूर्वानुमानयोग्य र पारदर्शी हुने। |
| १४. | दफा २५ को उपदफा (२) | भौगोलिक क्षेत्र वर्गीकरण सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावली राख्न उपयुक्त हुने। | भौगोलिक क्षेत्र वर्गीकरण सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा गरिने। | सरुवा तथा बढुवा लगायतको लागि आधार लिन जिल्लाहरुको वर्गीकरण भएको हुने। |
| १५. | दफा २६ को उपदफा (३) | काज खटाउने सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | काजमा खटाउने प्रक्रिया नियमावलीमा तोकिने। | प्रक्रिया निर्धारण भई कर्मचारीलाई काजमा खटाउन सहज हुने। |
| १६. | दफा २८ को उपदफा (४) | सहायक तह पदको बढुवाको लागि सिफारिस गर्ने समितिको संरचना नियमावलीमा तोक्न उपयुक्त हुने। | सहायक तह पदको बढुवाको लागि सिफारिस गर्ने समितिको संरचना नियमावलीमा तोकिने। | बढुवा प्रक्रियामा सहजता आउने। |
| १७. | दफा ३४ को उपदफा (१), (५), (६), (८), (९), (१०) र (१३) | कार्यसम्पादनको मूल्याङ्कन फाराम, मूल्याङ्कन अवधि, दर्ता गर्ने अवधि, उजुरी दिने अधिकारी तथा तत्सम्बन्धी अन्य व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | कार्यसम्पादन मूल्याङ्कन फारामको ढाँचा, कार्यसम्पादन मूल्याङ्कन गर्नु पर्ने अवधि, कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाउने अवधि नियमावलीमा तोकिने। | कार्यसम्पादन मूल्याङ्कनको ढाँचा र मूल्याङ्कन अवधि निर्धारण भई कार्यसम्पादन मूल्याङ्कन वस्तुनिष्ठ हुने। |

| | | | | |
|---|---|---|---|---|
| १८. | दफा ३६ को उपदफा (३) र (६) | भौगोलिक क्षेत्रको विवरण नियमावलीमा राख्न उपयुक्त हुने। | दुर्गमता तथा सुगमताका आधारमा भौगलिक क्षेत्रको वर्गीकरण नियमावलीमा तोकिने। | भौगोलिक क्षेत्रहरु वर्गिकरण हुने। |
| १९. | दफा ३७ को उपदफा (५) | शैक्षिक योग्यताको सम्बद्धता निर्धारण समितिको संरचना नियमावलीद्वारा व्यवस्थित गर्न उपयुक्त हुने। | शैक्षिक योग्यताको सम्बद्धता निर्धारण समितिको संरचना नियमावलीमा तोकिने। | बढुवा प्रक्रिया सहज तथा प्रभावकारी हुने। |
| २०. | दफा ३८ को उपदफा (१) | विद्युतीय माध्यमबाट दरखास्त पेश गर्ने प्रक्रिया नियमावलीमा राख्न उपयुक्त हुने। | विद्युतीय माध्यमबाट बढुवाको दरखास्त फाराम पेश गर्ने प्रक्रिया नियमावलीमा तोकिने। | प्रक्रिया निर्धारण भई कार्य प्रक्रियामा सहजता आउने। |
| २१. | दफा ४० को उपदफा (६) | बढुवाको उजुरी सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | बढुवाको उजुरी सम्बन्धी प्रक्रिया नियमावलीमा तोकिने। | बढुवाको उजुरी प्रक्रिया निर्धारण भई गुनासो सुनुवाईको प्रक्रिया प्रभावकारी हुने। |
| २२. | दफा ४३ को उपदफा (२) | सेवा, समूह वा उपसमूहमा परिवर्तन गर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने प्रक्रिया नियमावलीमा तोकिने। | कार्यमा प्रभावकारिता आउने। |
| २३. | दफा ४४ को उपदफा (५) | तलब वृद्धि दिने प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | निजामती कर्मचारीलाई तलव वृद्धि दिने प्रक्रिया नियमावलीमा तोकिने। | तलव वृद्धिको आधार तयार हुने। |

| | | | | |
|---|---|---|---|---|
| २४. | दफा ४६ को उपदफा (१) र (२) | प्रोत्साहन कोषको स्थापना, सञ्चालन, व्यवस्थापन सम्बन्धी विषय नियमावलीमा राख्न उपयुक्त हुने। | प्रोत्साहन कोष स्थापना, कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्रक्रिया नियमावलीमा तोकिने। | प्रोत्साहन कोष स्थापना, सञ्चालन तथा व्यवस्थापन भई कर्मचारीलाई कार्य सम्पादनमा उत्प्रेरणा हुने। |
| २५. | दफा ४८ को उपदफा (४) | निजामती कर्मचारीले पाउने विभिन्न सुविधाहरु नियमावलीद्वारा व्यवस्थित गर्न उपयुक्त हुने। | निजामती कर्मचारीले पाउने सुविधा नियमावलीमा तोकिने। | सुविधा निर्धारण भई कर्मचारीको कार्य उत्प्रेरणा वढ्ने। |
| २६. | दफा ५० को उपदफा (४) | सावधिक जीवन बीमा तथा बीमा कोष सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | सावधिक जीवन बीमा तथा बीमा कोष सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावली तोकिने। | निजामती कर्मचारीको कार्य उत्प्रेरणा वढ्ने। |
| २७. | दफा ५१ को उपदफा (६) | प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | उपचार खर्च लिन अवलम्वन गर्नु पर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने। | उपचार खर्च प्राप्त गर्ने प्रक्रिया निर्धारण भई उपचार खर्च उपलब्ध गराउन सहयोग पुग्ने। |
| २८. | दफा ६१ को उपदफा (८) | निवृत्तिभरण सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | निवृत्तिभरण सम्बन्धी प्रक्रिया नियमावलीमा तोकिने। | निवृत्तिभरण प्रक्रिया व्यवस्थित हुने। |
| २९. | दफा ६३ को उपदफा (४), (७) र (८) | प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | पारिवारिक निवृत्तिभरण र उपदान सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने। | प्रक्रिया निर्धारण भई निजामती कर्मचारीका परिवारलाई सुविधा प्राप्त गर्न सहज हुने। |
| ३०. | दफा ६६ को उपदफा (३) र (६) | पारिवारिक निवृत्तिभरण प्राप्त गर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा | पारिवारिक निवृत्तिभरण प्राप्त गर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा | प्रक्रिया निर्धारण भई निजामती कर्मचारीका परिवारलाई सुविधा प्राप्त |

| | | | | |
|---|---|---|---|---|
| | | राख्न उपयुक्त हुने। | राखिने। | गर्न सहज हुने। |
| ३१. | दफा ७२ को उपदफा (३) | तालिम सम्बन्धी प्रक्रिया तथा आधार नियमावलीमा राख्न उपयुक्त हुने। | तालिम लिने कर्मचारी छनौट, तालिमका किसिम लगायतका प्रक्रिया नियमावलीमा तोकिने। | संगठनको आवश्यकता बमोजिम जनशक्तिलाई तालिमको व्यवस्था भई सेवाप्रवाहमा प्रभावकारिता आउने। |
| ३२. | दफा ७५ को उपदफा (१) | कबुलियतको ढाँचा तोक्ने विषय नियमावलीमा राख्न उपयुक्त हुने। | तालिम वा अध्ययनमा जाने निजामती कर्मचारीले गर्नु पर्ने कबुलियतको ढाँचा नियमावलीमा तोकिने। | सरकारी कोटाबाट अध्ययन गर्न जाने वा तालिम प्राप्त गर्ने कर्मचारीले तोकिएको सेवा गर्नु पर्ने व्यवस्था प्रभावकारी रुपमा लागु हुने। |
| ३३. | दफा ८१ को उपदफा (२) | सुविधा रोक्का राख्ने सम्बन्धी प्रक्रियागत व्यवस्था ऐनमा राख्न उपयुक्त नहुने। | अनाधिकृत समाचार प्रकाशनलाई निरुत्साहित गर्न अवकाश प्राप्त कर्मचारीले पाउने सुविधा रोक्का राख्ने प्रक्रिया नियमावलीमा तोकिने। | अनाधिकृत समाचार प्रकाशनमा निरुत्साहित हुने। |
| ३४. | दफा ९० को उपदफा (२) | प्रक्रियागत व्यवस्था नियमावलीमा तोक्न। | सम्पत्ति विवरण पेश गर्ने लगायतका प्रक्रिया नियमावलीमा तोकिने। | सुशासन कायम गर्न सहयोग पुग्ने। |
| ३५. | दफा ९२ को उपदफा (१) | आचरणगत विषय नियमावलीमा राख्न उपयुक्त हुने। | पद अनुसार आचरण पालना गर्ने विषय नियमावलीमा तोकिने। | कर्मचारी अनुशासित भई सेवा प्रवाहमा प्रभावकारिता आउने। |
| ३६. | दफा १०२ को उपदफा (२) | सामान्य सजायको आदेश दिने अधिकारी नियमावलीद्वारा तोक्न उपयुक्त हुने। | सामान्य सजायको आदेश दिन पाउने अधिकारी नियमावलीमा तोकिने। | सजाय निर्धारण उचित तवरले हुने। |
| ३७. | दफा १०५ को उपदफा (५) | कार्यविधिगत व्यवस्था नियमावलीमा राख्न | विभागीय सजायको जाँचबुझ गर्ने कार्यविधि | सजाय निर्धारण उचित तवरले हुने। |

| | | | | |
|---|---|---|---|---|
| | | उपयुक्त हुने। | नियमावलीमा तोकिने। | |
| ३८. | दफा ११६ को उपदफा (१), (२) र (४) | निजामती कर्मचारीले पाउने बिदाको अवधि र प्रक्रिया नियमावलीमा तोक्न उपयुक्त हुने। | बिदा माग गर्ने र स्वीकृत गर्ने प्रक्रिया नियमावलीमा तोकिने। | बिदा लिने प्रक्रियामा सहजता हुने। |
| ३९. | दफा ११७ को उपदफा (१) | बिदा लिदा अवलम्वन गर्नु पर्ने प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | बेतलवी बिदा माग गर्ने र स्वीकृत गर्ने प्रक्रियाको निर्धारण नियमावलीद्वारा व्यवस्थित गरिने। | बिदा लिने प्रक्रियामा सहजता हुने। |
| ४०. | दफा १२१ को उपदफा (२), (३), (४), (५), (६) तथा उपदफा (१२) को खण्ड (घ) र उपदफा (१४) | नयाँ ट्रेड युनियन दर्ता सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | निजामती कर्मचारीको ट्रेड यूनियन दर्ता गर्ने निकाय, प्रक्रिया आधिकारिक ट्रेड यूनियनले सहभागि हुन सक्ने कार्यक्रम वा क्रियाकलाप नियमावलीमा तोकिने। | ट्रेड यूनियन दर्ता हुने निकाय तोकिएको हुने तथा आधिकारिक ट्रेड यूनियनका कार्यक्रमहरु व्यवस्थित भएको हुने। |
| ४१. | दफा १२२ को उपदफा (१) र (२) | निजामती कर्मचारीलाई परेको पीरमर्का, गुनासो र सुनुवाई सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | पीरमर्का, गुनासो र सुनुवाई सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने। | गुनासो सुनुवाईको व्यवस्था संस्थागत भएको हुने। |
| ४२. | दफा १२५ को उपदफा (१) र (२) | प्रदेश निजामती सेवा पुरस्कारको रकम, प्रदान गर्ने आधार र मापदण्ड नियमावलीमा तोक्न उपयुक्त हुने। | प्रदेश निजामती सेवा पुरस्कारको रकम, प्रदान गर्ने आधार र मापदण्ड नियमावलीमा तोकिने। | पुरस्कार वितरणमा सहजता हुने। |
| ४३. | दफा १२६ को उपदफा (२) | प्रदेश निजामती अस्पताल व्यवस्थापन सम्बन्धी समग्र विषय नियमावलीमा | प्रदेश निजामती अस्पताल व्यवस्थापन सम्बन्धी समग्र विषय नियमावलीमा | निजामती कर्मचारीको उपचारमा सहजता हुने। |

| | | | | |
|---|---|---|---|---|
| | | तोक्न उपयुक्त हुने। | तोकिने। | |
| ४४. | दफा १२७ को उपदफा (२) | प्रदेश निजामती कर्मचारी कल्याणकारी कोष स्थापना र सञ्चालन सम्बन्धी प्रक्रियागत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने। | प्रदेश निजामती कर्मचारीको कल्याणकारी कोष स्थापना तथा सञ्चालन सम्वन्धी प्रक्रिया नियमावलीमा तोकिने। | प्रदेश निजामती कर्मचारीको कल्याणकारी कोष स्थापना तथा सञ्चालन प्रक्रिया निर्धारण भई व्यवस्थित हुने। |
| ४५. | दफा १२८ को उपदफा (१) र (२) | निजामती सेवाबाट अवकास प्राप्त कर्मचारीसँग प्रदेश सरकारले लिने सेवाको किसिम, प्रक्रिया र त्यस्तो सेवा लिए वापत उपलब्ध गराउने पारिश्रमिकको व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने। | सेवाबाट अवकास प्राप्त कर्मचारीसँग प्रदेश सरकारले लिने सेवाको किसिम, प्रक्रिया र त्यस्तो सेवा लिए वापत उपलब्ध गराउने पारिश्रमिकको व्यवस्था नियमावलीमा तोकिने। | निजामती सेवाबाट अवकास प्राप्त कर्मचारीसँग प्रदेश सरकारले लिने सेवाको किसिम, प्रक्रिया र त्यस्तो सेवा लिए वापत उपलब्ध गराउने पारिश्रमिकको व्यवस्था नियमावलीमा तोक्दा त्यस्तो सेवा लिन सहज हुने। |
| ४६. | दफा १२९ | नेतृत्व परीक्षणको आधार र मापदण्ड नियमावलीमा राख्न उपयुक्त हुने। | नेतृत्व परीक्षणको आधार नियमावलीमा तोकिने। | नेतृत्व परीक्षण प्रभावकारी र वस्तुनिष्ठ हुने। |
| ४७. | दफा १३० को उपदफा (४) | व्यवस्थापन परीक्षणको सूचक र सोको कार्यविधि नियमावलीमा तोक्न उपयुक्त हुने। | व्यवस्थापन परीक्षणको सूचक र सोको कार्यविधि नियमावलीमा तोकिने। | व्यवस्थापन परीक्षणको सूचक र कार्यविधि नियमावलीमा तोकिंदा व्यवस्थापन परीक्षण गर्न सहज हुने। |
| ४८. | दफा १३१ | अवकाश योजनाको समग्र बिषय नियमावलीमा तोक्न उपयुक्त हुने। | अवकाश योजनाको समग्र बिषय नियमावलीमा तोकिने। | अवकाश योजना बनाई कार्यान्वयन गर्न सहज हुने। |
| ४९ | दफा १३२ को उपदफा (५) | प्रदेश कर्मचारी अभिलेखालयको स्थापना र | प्रदेश कर्मचारी अभिलेखालयको स्थापना र | प्रदेश कर्मचारी अभिलेखालयको स्थापना, |

| | | | | |
|---|---|---|---|---|
| | | सोको व्यवस्थापन सम्बन्धी सम्पूर्ण बिषय नियमावलीमा उल्लेख गर्न उपयुक्त हुने। | सोको व्यवस्थापन सम्बन्धी सम्पूर्ण बिषय नियमावलीमा उल्लेख भएको हुने। | सञ्चालन र व्यवस्थापन गर्न सहज हुने। |
| ५०. | दफा १३४ | प्रक्रियागत व्यवस्था नियमावलीमा तोक्न उपयुक्त हुने। | सामाजिक सुरक्षा कोषको प्रक्रियागत व्यवस्था नियमावलीमा तोकिने। | सामाजिक सुरक्षा कोषको व्यवस्थापन गर्न सहज हुने। |
| ५१. | दफा १३८ को उपदफा (१) र (२) | ऐनको उद्देश्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न नियमहरु बनाउन आवश्यक भएको। | ऐनको उद्देश्य कार्यान्वयनका लागि विभिन्न नियमहरु बनाइने। | कार्यसम्पादनमा सहज भई सेवा प्रवाहमा प्रभावकारिता आउने। |
| ५२ | दफा १३९ को उपदफा (२) | प्रदेश सरकार मातहत कार्यरत कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता नियमालीमा तोक्न उपयुक्त हुने। | प्रदेश सरकार मातहत कार्यरत कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता नियमालीमा तोकिने। | निजामीत कर्मचारीलाई अनुशासित बनाउन सहज हुने। |
| ५३. | दफा १४० | ऐनको उद्देश्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन आवश्यक भएको। | ऐनको उद्देश्य कार्यान्वयनका लागि विभिन्न निर्देशिका, कार्यविधि वा मापदण्ड बनाइने। | कार्यसम्पादनमा सहज भई सेवाप्रवाहमा प्रभावकारिता आउने। |

**कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको**

**<u>व्याख्यात्मक टिप्पणी</u>**

| दफा | दफा र शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | प्रस्तावना | प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी कानूनी व्यवस्था गर्न। |
| १ | संक्षिप्त नाम र प्रारम्भ | ऐनको नाम उद्धरणका लागि सजिलो बनाउन। |
| २ | परिषाभा | ऐनमा प्रयोग भएका लामो शब्दलाई छोटकरीमा उल्लेख गर्न र अर्थ स्पष्ट गर्न। |
| ३ | प्रदेश कर्मचारी प्रशासन सम्बन्धी प्रमुख निकाय | प्रदेशको निजामती प्रशासन सञ्चालन, निर्देशन र कर्मचारीको व्यवस्थापनका लागि केन्द्रीय निकायको रुपमा संस्थागत व्यवस्था गर्न। |
| ४ | प्रदेश निजामती सेवाको गठन | प्रदेश निजामती सेवाको सेवा प्रवाहलाई छिटो छरितो बनाउन विभिन्न सेवाहरु रहने व्यवस्था गर्न। |
| ५ | प्रदेश निजामती सेवामा रहने तह र पद | प्रदेश निजामती सेवामा जिम्मेवारी तथा दायित्व बाँडफाँट गरी सेवा प्रवाह छिटो र सहज बनाउन। |
| ६ | कार्य विवरण र कार्यसम्पादन सम्बन्धी व्यवस्था | कर्मचारीको कार्य विवरण र कार्यसम्पादन सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न। |
| ७ | संगठन तथा दरबन्दी सिर्जना | प्रदेश निजामती सेवामा समयानुकूल संगठन तथा दरवन्दी घटबढ गर्न सक्ने व्यवस्था व्यवस्थित गर्न। |
| ८ | प्रदेश निजामती सेवाको पदपूर्ति | प्रदेश निजामती सेवामा सेवाका विभिन्न पदहरुमा खुल्ला तथा आन्तरिक पदपूर्ति गर्दा अवलम्बन गर्ने व्यवस्थालाई व्यवस्थित गर्न। |
| ९ | पदपूर्ति सम्बन्धी विशेष व्यवस्था | प्रदेश निजामती सेवालाई समावेशी बनाई आरक्षणको व्यवस्था गर्न। |
| १० | प्रदेश सरकारको सचिव प्रदेश निजामती सेवाबाट हुने | प्रदेश निजामती सेवालाई बढी सुदृढ, सक्षम र जवाफदेही बनाउन तथा प्रदेश निजामती सेवाप्रतिको अपनत्व बढाउन। |
| ११ | प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने | प्रदेश निजामती सेवालाई स्वच्छ, निष्पक्ष र पारदर्शि बनाउने व्यवस्था गर्न। |
| १२ | पदपूर्तिको लागि माग गर्ने सम्बन्धी व्यवस्था | निजामती सेवाको कुनै पनि पद रिक्त हुन नदिई सेवा प्रवाहलाई निरन्तरता दिन। |
| १३ | पदपूर्तिमा बन्देज | ऐनमा भएका व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गराउन। |

| | | |
|---|---|---|
| १४ | ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने | ज्यालादारी वा करारमा नियूक्ति गर्न नपाइने सम्बन्धमा आवश्यक व्यवस्था गर्न। |
| १५ | नियुक्ति तथा पदस्थापन | प्रदेश निजामती सेवाको पदमा नियुक्त गर्ने पदाधिकारी सुनिश्चित गरी कर्मचारीको पदस्थापन समेतको बारेमा व्यवस्था गर्न। |
| १६ | निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने | प्रदेश निजामती सेवामा शारीरिक रुपमा स्वस्थ जनशक्ति प्राप्त गर्न। |
| १७ | शपथ ग्रहण | प्रदेश निजामती सेवामा पहिलो पटक स्थायी भएको निजामती कर्मचारीलाई सेवा प्रति प्रतिबद्ध र जिम्मेवार बनाउन। |
| १८ | परीक्षण काल | सुरु नियुक्त हुने कर्मचारीहरुको कार्यक्षमता, कार्यदक्षता तथा नैतिकता परीक्षण गर्न। |
| १९ | व्यक्तिगत विवरण (सिटरोल) | प्रदेश निजामती सेवाका कर्मचारीहरुको व्यक्तिगत अभिलेख व्यवस्थापन सम्बन्धी आवश्क व्यवस्था गर्न। |
| २० | उम्मेदवार हुनको लागि योग्यता | प्रदेश निजामती सेवामा सेवा प्रवेश गर्ने व्यक्तिको योग्यता तोक्न। |
| २१ | सेवा करार नियुक्ति सम्बन्धी व्यवस्था | प्रदेश निजामती सेवाको कुनै रिक्त पदमा सेवा करार नियुक्ति गर्नु पर्ने भएमा त्यसको प्रकिया उल्लेख गर्न। |
| २२ | पदाधिकार र जिम्मेवारी | कुनै पनि निजामती कर्मचारीको कस्तो कस्तो अवस्थामा पदमाथिको पदाधिकार कायम रहने भन्ने व्यवस्था स्पष्ट गर्न। |
| २३ | कायम मुकायम र निमित्त | कुनै पनि कारणले विभागीय वा कार्यालय प्रमुखको पदमा बहाल भएको निजामती कर्मचारी अनुपस्थित भएको अवस्थामा कार्यालय प्रमुखको रिक्तता अन्त्य गर्ने व्यवस्था गर्न। |
| २४ | सरुवा गर्ने अधिकार | प्रदेश निजामती सेवाका कर्मचारीलाई सरुवाको मापदण्ड तोक्न तथा सरुवाको अख्तियारी सम्बन्धी व्यवस्था गर्न। |
| २५ | भौगोलिक क्षेत्रको वर्गीकरण | निजामती कर्मचारीको सरुवा प्रयोजनको लागि सुगमताको आधारमा कार्य क्षेत्र निर्धारण गर्न। |
| २६ | काज सम्बन्धी व्यवस्था | निजामती कर्मचारीलाई सरकारी कामकाजको सिलसिलामा कार्यालयभन्दा बाहिर खटाई कामकाज गराउँदा अवलम्बन गर्नु पर्ने मापदण्ड तोक्न। |
| २७ | स्तर वृद्धि सम्बन्धी व्यवस्था | कर्मचारीको वृत्ति विकासलाई सुनिश्चित गर्न। |
| २८ | बढुवा समिति | कर्मचारीको बढुवालाई वस्तुनिष्ठ र विस्वसनीय बनाउन समितिको व्यवस्था गर्न। |

| | | |
|---|---|---|
| २९ | बढुवा हुनको लागि न्यूनतम सेवा अवधि, तालिम र शैक्षिक योग्यता | निजामती कर्मचारीको बढुवाको लागि मापदण्ड तोक्न। |
| ३० | स्तरवृद्धि र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने | निजामती कर्मचारीको स्तरवृद्धि र बढुवा हुन नसक्ने अवस्था बारेमा व्यवस्था गर्न। |
| ३१ | बढुवा नियुक्तिको रोक्का | बढुवा नियुक्तिको रोक्का हुने अवस्था बारे आवश्यक व्यवस्था गर्न। |
| ३२ | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | निजामती कर्मचारीको सेवा अवधि र निजको कार्यसम्पादनको आधारमा गरिने बढुवा सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ३३ | कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको आधार | कार्यदक्षता तथा कार्य प्रभावकारीताको आधारमा बढुवा गर्दा प्रदान गर्ने अङ्कभार सम्बन्धी व्यवस्था गर्न। |
| ३४ | कार्यसम्पादनको मूल्याङ्कन | कार्यसम्पादनको मूल्याङ्कन गर्दा प्रदान गरिने अङ्कभार र अन्य मापदण्ड सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ३५ | ज्येष्ठता बापतको अङ्क | ज्येष्ठता बापतको अङ्क गणना गर्ने मापदण्ड तोक्न। |
| ३६ | भौगोलिक क्षेत्रको विभाजन | विभिन्न भौगोलिक क्षेत्रमा काम गरे बापत कर्मचारीलाई बढुवा प्रयोजनार्थ प्राप्त हुने अङ्कभार तोक्न। |
| ३७ | शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन | बढुवाको लागि शैक्षिक योग्यता र तालिम बापत प्राप्त गर्ने अङ्कभार सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ३८ | विद्युतीय माध्यमबाट दरखास्त पेश गर्न सकिने | भौतिक रुपमा बढुवाको दरखास्त दिन उपस्थित हुन नसक्ने अवस्थामा विद्युतीय माध्यमबाट समेत दरखास्त दिन सक्ने व्यवस्था गर्न। |
| ३९ | बढुवा नियुक्ति र बढुवा मिति | बढुवा भएका उम्मेदवारको बढुवा लागू हुने समय सीमा सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ४० | बढुवाको उजुरी | बढुवामा चित्त नबुझ्ने उम्मेदवारलाई कानूनी उपचारको मार्गको व्यवस्था गर्न। |
| ४१ | बढुवा सम्बन्धी विशेष व्यवस्था | लामो समय एउटै पदमा कार्यरत कर्मचारीलाई वृत्ति विकासको अवसरबाट बञ्चित नहुने सम्बन्धमा आवश्यक व्यवस्था गर्न। |
| ४२ | बढुवाको शर्तमा परिवर्तन | प्रक्रियामा रहेको बढुवालाई पछि बन्ने कानूनले पार्न सक्ने प्रभाव रोक्न। |
| ४३ | सेवा, समूह वा उपसमूह | निजामती कर्मचारीलाई एक सेवाबाट अर्को सेवामा सेवा परिवर्तन गर्दा |

| | | |
|---|---|---|
| | परिवर्तन सम्बन्धी व्यवस्था | अवलम्बन गर्नु पर्ने प्रक्रिया सम्बन्धी व्यवस्था गर्न। |
| ४४ | तलब, भत्ता | तलब भत्ता प्राप्ति तथा भुक्तानी सम्बन्धी आवश्यक मापदण्ड तोक्न। |
| ४५ | पकाएको तलब भत्ता पाउने | निजामती कर्मचारीले गरेको सेवा बापतको तलब भत्ता प्राप्ति सुनिश्चित गर्न। |
| ४६ | कार्यसम्पादन प्रोत्साहन कोष | निजामती कर्मचारीलाई सेवाप्रति उत्प्रेरित र प्रोत्साहित गर्न कार्यसम्पादन प्रोत्साहन कोषको सम्बन्धमा व्यवस्था गर्न। |
| ४७ | निलम्बन भएमा पाउने तलब | निलम्बनमा परेको निजामती कर्मचारीले सो अवधिभर र निलम्बन पछि प्राप्त गर्ने तलब सुविधा सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ४८ | चाडपर्व खर्च तथा अन्य सुविधा | निजामती कर्मचारीले प्राप्त गर्ने चाडपर्व लगायत अन्य सुविधा सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ४९ | कर्मचारी सञ्चय कोषमा रकम जम्मा गरिदिने | निजामती कर्मचारीको सुरक्षित भविष्यको लागि बचत सञ्चिति सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ५० | सावधिक जीवन बीमा | निजामती कर्मचारीको जीवन सुरक्षाको प्रत्याभूति गर्न। |
| ५१ | उपचार खर्च | निजामती कर्मचारीको उपचार खर्च सुविधा सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ५२ | आवास कर्जा तथा शैक्षिक बीमा सम्बन्धी व्यवस्था | निजामती कर्मचारीलाई सहुलियत आवास कर्जा तथा सन्ततीलाई शिक्षा बीमा सम्बन्धी व्यवस्था गर्न। |
| ५३ | विशेष आर्थिक सुविधा | सेवारत निजामती कर्मचारीको मृत्युको क्षतिपूर्ति सम्बन्धमा व्यवस्था गर्न। |
| ५४ | तलब तथा सुविधा पुनरावलोकन समिति | निजामती कर्मचारीको तलब सुविधा पुनरावलोकन सम्बन्धी व्यवस्था गर्न। |
| ५५ | अनिवार्य अवकाश | अवकाशको उमेर हद तोक्न। |
| ५६ | उमेर गणना | अवकाशको लागि उमेर गणनाको मापदण्ड निर्धारण गर्न। |
| ५७ | अवकाश दिन सक्ने | अख्तियारको दुरुपयोग गर्ने तथा राष्ट्रहित विपरीतका कार्य गर्ने निजामती कर्मचारीलाई अवकाश दिन सक्ने व्यवस्था गर्न। |
| ५८ | असमर्थ कर्मचारी सम्बन्धी विशेष व्यवस्था | स्वास्थ्य समस्याको कारण सेवामा निरन्तरता दिन नसक्ने निजामती कर्मचारीलाई सेवा अवधि थप गरी अवकाश दिने व्यवस्था गर्न। |
| ५९ | स्वेच्छिक अवकाश | सेवा अवधि बाँकी छँदै अवकास लिन चाहने निजामती कर्मचारीलाई स्वेच्छिक अवकाश लिन सक्ने व्यवस्था गर्न। |
| ६० | उपदान | अवकाश अवधि अगावै सेवाबाट छुट्टिने निजामती कर्मचारीले पाउने सुविधा सम्बन्धी व्यवस्था गर्न। |

| | | |
|---|---|---|
| ६१ | निवृत्तिभरण | निवृत्तिभरण सुविधा सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ६२ | निवृत्तिभरणमा वृद्धि | निवृत्तिभरणको सुविधामा वृद्धि गर्ने आधार तोक्न। |
| ६३ | पारिवारिक निवृत्तिभरण र उपदान | सेवारत निजामती कर्मचारीको मृत्यु भएमा परिवारले प्राप्त गर्ने पेन्सन तथा उपदान सम्बन्धी व्यवस्था गर्न। |
| ६४ | सुविधा दाबी गर्नु पर्ने | निवृत्तिभरण तथा उपदान प्राप्त गर्ने विधि तोक्न। |
| ६५ | बेपत्ता भएको कर्मचारीको निवृत्तिभरण र उपदान | हराएको तथा वेपत्ता भएको कर्मचारीको निवृत्तिभरण तथा उपदान सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ६६ | पारिवारिक निवृत्तिभरण सम्बन्धी विशेष व्यवस्था | परिवारले प्राप्त गर्ने निवृत्तिभरण सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ६७ | निवृत्तिभरण नपाउने | निवृत्तिभरणको सुविधा प्राप्त गरेको व्यक्ति तथा परिवारले थप सुविधा नपाउने अवस्था सम्बन्धी व्यवस्था गर्न। |
| ६८ | योगदानमा आधारित निवृत्तिभरण | योगदानमा आधारित निवृत्तिभरण लागू हुने अवस्था बारे स्पष्ट गर्न। |
| ६९ | निवृत्तिभरण कोष | निवृत्तिभरण प्रयोजनार्थ आवश्यक कोषको व्यवस्था गर्न। |
| ७० | सेवाबाट अलग भएमा रकम पाउने | सेवाबाट अलग हुने निजामती कर्मचारीले निवृत्तिभरण कोषमा कट्टी गरेको रकम प्राप्त गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न। |
| ७१ | तलबबाट कट्टी भएको रकम र सोको ब्याज मात्र पाउने | बर्खास्त भएको निजामती कर्मचारीले कट्टी बापत प्राप्त गर्ने रकम सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ७२ | तालिम सम्बन्धी व्यवस्था | कर्मचारीको क्षमता विकास सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ७३ | तालिम, अध्ययन वा अध्ययन भ्रमण | प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीको विशिष्ठता अभिवृद्धि तथा कार्य प्रभावकारीता उच्च राख्ने सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ७४ | तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नु पर्ने अवधि | तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि अनिवार्य सेवामा समर्पित गराउन। |
| ७५ | कबुलियत गर्नु पर्ने | तालिम, अध्ययन तथा भ्रमणमा जाने कर्मचारीको छनौट, कर्मचारीले पालना गर्नु पर्ने शर्त, कबुलियतनामा तथा तालिम, अध्ययन भ्रमण सम्बन्धी अन्य व्यवस्था गर्न। |
| ७६ | समय पालना र नियमितता | निजामती कर्मचारीलाई तोकिएको समयावधिभर सेवामा समर्पित गराउने व्यवस्था गर्न। |
| ७७ | अनुशासन र आज्ञापालन | निजामती कर्मचारीलाई अनुशासित, सभ्य र शिष्ठ बनाउन। |
| ७८ | राजनीतिक वा अवाञ्छनीय | निजामती कर्मचारीलाई पदीय मर्यादा कायम गराउन। |

| | | |
|---|---|---|
| | प्रभाव पार्नु नहुने | |
| ७९ | राजनीतिक क्रियालापमा संलग्न हुन नपाउने | निजामती कर्मचारीमा राजनैतिक तटस्थता कायम गर्न। |
| ८० | सरकारको आलोचना गर्न नहुने | निजामती कर्मचारी मार्फत सरकारका नीति तथा कार्यक्रम अक्षरशः कार्यान्वयन गराउन। |
| ८१ | सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्न प्रतिबन्ध | कानून बमोजिम सरकारी कागजातको गोपनीयता कायम गराउन। |
| ८२ | दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध | भ्रष्टाचारलाई निरुत्साहित गर्न। |
| ८३ | कम्पनी स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुने | निजामती कर्मचारीलाई सेवाप्रति दत्तचित्त बनाई राख्न आवश्यक व्यवस्था गर्न। |
| ८४ | अन्यत्र नोकरी वा सेवा गर्न नहुने | निजामती कर्मचारीलाई सेवाप्रति दत्तचित्त बनाई राख्न आवश्यक व्यवस्था गर्न। |
| ८५ | निर्वाचनमा भाग लिन नहुने | प्रशासनलाई राजनैतिक प्रभावबाट अलग राख्न। |
| ८६ | प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध | सरकारी कामकाजलाई प्रभावित हुन नदिन र निजामती कर्मचारीमा अनुशासन कायम गर्ने व्यवस्था गर्न। |
| ८७ | प्रतिनिधित्व गर्न नहुने | सरकारी कामकाजलाई प्रभावित हुन नदिन र निजामती कर्मचारीमा अनुशासन कायम गर्ने व्यवस्था गर्न। |
| ८८ | यौनजन्य दुर्व्यवहार गर्न नहुने | निजामती कर्मचारीबाट हुन सक्ने यौनजन्य दुर्व्यवहार रोक्न। |
| ८९ | यातना दिन नहुने | निजामती कर्मचारीबाट हुन सक्ने कानून विपरीतका कार्य रोक्न। |
| ९० | सम्पत्ति विवरण पेश गर्नु पर्ने | भ्रष्टाचारलाई निरुत्साहित गर्न। |
| ९१ | स्थायी आवासीय अनुमति लिन नहुने | निजामती कर्मचारीलाई देश र जनताप्रति प्रतिवद्ध बनाई राख्न। |
| ९२ | आचरण पालना गराउने | निजामती कर्मचारीमा पदीय अनुशासन कायम गर्न। |
| ९३ | चेतावनी दिन सक्ने | आचरणको पालना नगर्ने निजामती कर्मचारीलाई सचेत गराउन। |
| ९४ | निजामती कर्मचारीको सेवाको सुरक्षा | निजामती कर्मचारीलाई सेवाको सुरक्षा सम्बन्धमा प्रत्याभूति दिलाउन। |
| ९५ | निजामती कर्मचारीको बचाउ | सरकारी कामको सम्बन्धमा निजामती कर्मचारी उपर परेका मुद्दामा निजको तर्फबाट प्रतिरक्षाको आवश्यक व्यवस्था गर्न। |

| | | |
|---|---|---|
| ९६ | निजामती कर्मचारीको सेवा शर्तको सुरक्षा | पछि बन्ने कानूनले सेवारत निजामती कर्मचारीले खाइपाई आएको सुविधामा असर नगर्ने कुराको सुनिश्चित गर्न। |
| ९७ | विभागीय सजाय | निजामती कर्मचारीलाई हुन सक्ने सजायको सम्बन्धमा व्यवस्था गर्न। |
| ९८ | नसिहत दिने वा बढीमा दुई तलब वृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने | निजामती कर्मचारीबाट हुन सक्ने गैरकानूनी काम प्रति सचेत गराउन। |
| ९९ | दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धि रोक्का गर्ने | निजामती कर्मचारीबाट हुन सक्ने गैरकानूनी काम प्रति सचेत गराउन। |
| १०० | सेवाबाट हटाउने वा बर्खास्त गर्ने | सरकारी सेवामा रहिरहन उपयुक्त नहुने निजामती कर्मचारीलाई सेवाबाट हटाउने सम्बन्धमा व्यवस्था गर्न। |
| १०१ | हाजिरी र गयल कट्टी सम्बन्धी व्यवस्था | निजामती कर्मचारीलाई कार्यालयमा नियमित अनुपस्थित हुन बाध्य गराउन। |
| १०२ | विभागीय सजाय दिने अधिकारी | विभागीय सजाय गर्ने अधिकारी तोक्ने सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| १०३ | निलम्बन गर्ने | निजामती कर्मचारीको निलम्बन सम्बन्धमा आवश्यक व्यवस्था गर्न। |
| १०४ | निलम्बनको समाप्ति | निलम्बन समाप्त भएको अवस्थामा निजामती कर्मचारीको पदीय जिम्मेवारी सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| १०५ | सफाइ पेश गर्ने मौका दिनु पर्ने | निजामती कर्मचारीलाई सजाय गर्नु पूर्व प्राकृतिक न्यायको अधिकार सुरक्षित गर्न। |
| १०६ | विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नु पर्ने | विशेष सजाय गर्नु पूर्व कर्मचारीलाई स्पष्टीकरण माग गर्ने सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| १०७ | प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने | सजायलाई वस्तुनिष्ठ र निष्पक्ष बनाउन। |
| १०८ | सजाय सम्बन्धी निर्णय गर्ने | विभागीय सजायको निर्णय प्रक्रियाबारे आवश्यक व्यवस्था गर्न। |
| १०९ | जानकारी दिन सकिने | स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको निजामती कर्मचारीलाई सजाय गर्दा अवलम्बन गर्ने प्रक्रिया सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ११० | पुनरावेदन सम्बन्धी व्यवस्था | सजायमा चित्त नबुझ्ने निजामती कर्मचारीलाई न्यायिक उपचारको अधिकार दिन। |

| | | |
|---|---|---|
| ११११ | निर्णयमा असर नपर्ने | अख्तियार प्राप्त अधिकारीले गरेको सानो तिनो त्रुटीका आधारमा भइसकेको निर्णयलाई असर नगर्ने सम्बन्धी व्यवस्था गर्न। |
| ११२ | सजायको अभिलेख | विभागीय सजाय पाएका निजामती कर्मचारीको सजायको अभिलेख राख्ने व्यवस्था गर्न। |
| ११३ | सेवा अवधिको गणना | निजामती कर्मचारीको सेवा अवधिको गणना सम्बन्धी व्यवस्था गर्न। |
| ११४ | सेवा अवधि जोडिने | निजामती कर्मचारीले अगाडि गरेको सेवाको अवधि जोड्ने व्यवस्था गरी निजामती सेवाप्रति आकर्षित गर्न। |
| ११५ | यस ऐन बमोजिम सुविधा नपाउने | प्रदेश सरकारलाई निजामती कर्मचारीको सुविधा प्रदान गर्नु पर्ने थप भार कम गर्न। |
| ११६ | निजामती कर्मचारीले पाउने बिदा | निजामती कर्मचारीले पाउने बिदा सम्बन्धी व्यवस्था गर्न। |
| ११७ | बेतलवी बिदा | निजामती कर्मचारीले पाउने बेतलवी बिदा सम्बन्धी व्यवस्था गर्न। |
| ११८ | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधा | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधा सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| ११९ | नोकरी नथामिने | बर्खास्त पछि न्यायिक उपचार मार्फत सफाई पाएको निजामती कर्मचारीलाई सेवामा फर्किने अवधि तोक्न। |
| १२० | प्रदेश निजामती सेवामा पुनः बहाली भएमा पाउने सुविधा | सेवामा पुनः बहाली भएको निजामती कर्मचारीले प्राप्त गर्ने सुविधा सम्बन्धी आवश्यक व्यवस्था गर्न। |
| १२१ | निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन | निजामती कर्मचारीको हक हितको संरक्षण गर्न ट्रेड युनियन सम्बन्धी व्यवस्था गर्न। |
| १२२ | निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाईको व्यवस्था | निजामती कर्मचारीको पीर मर्का र गुनासो निवारण सम्बन्धी व्यवस्था गर्न। |
| १२३ | बरबुझारथ गर्नु पर्ने | उत्तरदायी पदाधिकारीले जिम्मेवारी हस्तान्तरण गर्ने व्यवस्था गर्न। |
| १२४ | अपाङ्गता भएको कर्मचारीको लागि विशेष व्यवस्था | अपाङ्गता भएका निजामती कर्मचारीलाई विशेष सुविधा उपलब्ध गराउन। |
| १२५ | प्रदेश निजामती सेवा पुरस्कार | निजामती कर्मचारीलाई उत्प्रेरित गरी उनीहरुको कार्यसम्पादनस्तर थप अभिवृद्धि गर्न। |
| १२६ | निजामती अस्पताल सम्बन्धी | बहालवाला तथा सेवा निवृत्त निजामती कर्मचारी र तिनको परिवारको |

| | | |
|---|---|---|
| | व्यवस्था गर्न सक्ने | स्वास्थ्योपचार सम्बन्धी व्यवस्था गर्न। |
| १२७ | प्रदेश निजामती कर्मचारी कल्याणकारी कोषको स्थापना र सञ्चालन | निजामती सेवामा आकर्षित गर्न निजामती कर्मचारीको कल्याण कोषको सम्बन्धमा व्यवस्था गर्न। |
| १२८ | प्रदेश सरकारले सेवा निवृत्त कर्मचारीको सेवा लिन सक्ने | सेवा निवृत्त निजामती कर्मचारीको ज्ञान, सीप र अनुभव प्रयोग गर्ने सम्बन्धी व्यवस्था गर्न। |
| १२९ | नेतृत्व परीक्षण | उच्च तहका निजामती कर्मचारीको क्षमता परीक्षण गर्न। |
| १३० | व्यवस्थापन परीक्षण | कर्मचारीलाई प्रशासकीय नियम र कार्यविधि प्रति प्रतिबद्ध बनाउने व्यवस्था गर्न। |
| १३१ | अवकास योजना लागू गर्न सक्ने | सेवा निवृत्त पछिको जीवन सुखद र सहजताका साथ बिताउन सहयोग पुऱ्याउन। |
| १३२ | प्रदेश कर्मचारी अभिलेखालय | निजामती कर्मचारी, प्रदेश अन्य सरकारी सेवाका कर्मचारी र स्थानीय सेवाका कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, अवकाश लगायतको अभिलेख संस्थागत रुपमा व्यवस्थापन गर्न। |
| १३३ | सङ्घीय सरकारसँग कर्मचारी माग गर्न सकिने | प्रदेश सरकारमा आवश्यक जनशक्तिको कमि हुन नदिन सङ्घीय सरकारसँग कर्मचारी माग गर्न सक्ने व्यवस्था गर्न। |
| १३४ | सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने | सामाजिक सुरक्षा प्रदान गरी निजामती कर्मचारीको आर्थिक तथा सामाजिक जोखिम कम गर्न। |
| १३५ | सङ्घीय कानून बमोजिम हुने | सङ्घीय कानूनसँग बाझिने गरी प्रदेश कानून बनाउन नमिल्ने भएकोले सोही बमोजिम व्यवस्था गर्न। |
| १३६ | यसै ऐन बमोजिम भए गरेको मानिने | यो ऐन प्रारम्भ हुनु अघि निजामती सेवा सम्बन्धी प्रचलित कानून बमोजिम भए गरेको काम कारबाहीलाई बैधता प्रदान गर्न। |
| १३७ | अधिकार प्रत्यायोजन | प्रदेश सरकारले ऐनको अधीनमा रही अधिकार प्रत्यायोजन गर्न सक्ने सम्बन्धमा व्यवस्था गर्न। |
| १३८ | नियम बनाउने अधिकार | ऐनको प्रभावकारी कार्यान्वयन गर्न। |
| १३९ | आचार संहिता | प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीलाई अनुशासित, नैतिकवान बनाई निजामती सेवाको पेशागत मूल्य, मान्यता र मर्यादा कायम राख्न। |
| १४० | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने | ऐनको प्रभावकारी कार्यान्वयन गर्न। |

# कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी र व्यावसायिक बनाउन प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८०" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ।

(ख) "आधिकारिक ट्रेड युनियन" भन्नाले दफा १२१ बमोजिम गठित निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले प्रदेश सरकार मातहतका कार्यालय सम्झनु पर्छ र सो शब्दले मन्त्रालय, सचिवालय र निर्देशनालयलाई समेत जनाउँछ।

(घ) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ र सो शब्दले विभागीय प्रमुखलाई समेत जनाउँछ।

(ङ) "तलब" भन्नाले निजामती कर्मचारीले मासिक रुपमा पाउने तलब र तलब वृद्धि (ग्रेड) सहितको रकम सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "निकाय" भन्नाले प्रदेश सरकार र मन्त्रालय अन्तर्गतका प्रदेश वा जिल्ला वा स्थानीय तहमा अवस्थित सरकारी प्रतिष्ठान, केन्द्र, कार्यालय वा शाखा वा इकाई सम्झनु पर्छ।

(ज) "निजामती कर्मचारी" भन्नाले प्रदेश निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रदेश निजामती सेवाबाट स्थानीय तहमा खटाइने कर्मचारी र समायोजन ऐन बमोजिम नेपाल निजामती सेवा तथा नेपाल स्वास्थ्य सेवाबाट प्रदेशमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ।

(झ) "परिवार" भन्नाले निजामती कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै

तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ।

(ञ) “प्रदेश” भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ट) “प्रदेश कर्मचारी अभिलेखालय” भन्नाले निजामती कर्मचारी, प्रदेश अन्य सरकारी सेवाका कर्मचारी र स्थानीय सेवाका कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, अवकाश लगायतको अभिलेख राख्ने प्रदेश कर्मचारी अभिलेखालय सम्झनु पर्छ।

(ठ) “प्रदेश निजामती सेवा” भन्नाले दफा ४ बमोजिम गठित प्रदेश निजामती सेवा सम्झनु पर्छ।

(ड) “प्रदेश लोक सेवा आयोग” भन्नाले प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश सम्झनु पर्छ।

(ढ) “प्रदेश सरकार” भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ।

(ण) "मन्त्रालय” भन्नाले कर्णाली प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(त) “प्रमुख सचिव” भन्नाले नेपाल सरकारबाट प्रदेशको प्रमुख सचिवको रुपमा काम गर्न खटाइएको सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको कर्मचारी सम्झनु पर्छ र सो शब्दले निमित्त प्रमुख सचिवको रुपमा काम गर्ने मन्त्रालयको वरिष्ठतम् कर्मचारीलाई समेत जनाउँछ।

(थ) "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय” भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(द) "विभागीय प्रमुख" भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ।

(ध) “विशेषज्ञ पद” भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको तथा विशेष योग्यता चाहिने पद सम्झनु पर्छ।

(न) “सचिव” भन्नाले प्रदेश निजामती सेवाको एघारौं तहमा कार्यरत मन्त्रालय वा प्रदेश लोक सेवा आयोगको प्रमुख प्रशासकीय अधिकारी सम्झनु पर्छ र सो शब्दले प्रदेशमा सचिवको पद पूर्ति नहुँदासम्म नेपाल सरकारले खटाएका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारीलाई समेत जनाउँछ।

(प) “समायोजन ऐन” भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्छ।

(फ) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भीसा (डी.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(ब) “स्थायी पद” भन्नाले निवृत्तिभरण वा योगदानमा आधारित निवृत्तिभरण पाउने र म्याद नतोकिएको प्रदेश निजामती सेवाको पद सम्झनु पर्छ र सो शब्दले समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएको कर्मचारीको पदलाई समेत जनाउँछ।

३. **प्रदेश कर्मचारी प्रशासन सम्बन्धी प्रमुख निकायः** (१) प्रदेशको प्रशासन सञ्चालन गर्न प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त तथा निजामती कर्मचारीको व्यवस्थापनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रमुख निकायको रुपमा काम गर्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएको विषय बाहेक प्रदेश निजामती कर्मचारी प्रशासन सम्बन्धी काम गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृति लिएर मात्र गर्नु पर्नेछ।

परिच्छेद-२

## प्रदेश निजामती सेवाको गठन

४. **प्रदेश निजामती सेवाको गठनः** (१) प्रदेश निजामती सेवा अन्तर्गत देहाय बमोजिमका सेवाहरु रहनेछन्ः-

(क) प्रदेश इन्जिनियरिङ्ग सेवा,

(ख) प्रदेश कृषि सेवा

(ग) प्रदेश न्याय सेवा

(घ) प्रदेश प्रशासन सेवा,

(ङ) प्रदेश वन सेवा,

(च) प्रदेश विविध सेवा,

(छ) प्रदेश शिक्षा सेवा,

(ज) प्रदेश स्वास्थ्य सेवा।

(२) उपदफा (१) बमोजिमका सेवामा तोकिए बमोजिमका विभिन्न समूह तथा उपसमूह रहनेछन्।

(३) उपदफा (१) र (२) बमोजिम रहने सेवा, समूह र उपसमूहको पदहरुको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

(४) यो ऐन प्रारम्भ हुनु अघि प्रदेश निजामती सेवाको आर्थिक योजना तथा तथ्याङ्क सेवामा समायोजन भएका कर्मचारीलाई उपदफा (१) को खण्ड (घ) बमोजिमको सेवामा तोकिए बमोजिमको समूहमा कायम गरिनेछ।

(५) उपदफा (१) को खण्ड (ग) बमोजिमको प्रदेश न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

५. **प्रदेश निजामती सेवामा रहने तह र पदनामः** (१) प्रदेश निजामती सेवामा देहाय बमोजिमका तहहरु रहनेछन्ः-

| अधिकृतस्तर | सहायकस्तर |
|---|---|
| एघारौं तह | पाँचौं तह |
| दशौं तह | चौंथो तह |

नवौं तह तहविहीन

आठौं तह

सातौं तह

छैटौं तह

(२) प्रदेश निजामती सेवाका विभिन्न तहमा तोकिए बमोजिमका प्राविधिक, प्रशासनिक र विशेषज्ञ पदहरु रहन सक्नेछन्।

(३) प्रदेश निजामती सेवाका सम्बन्धित सेवा समूहमा रहने तह र सोको पदनाम तोकिए बमोजिम हुनेछ।

६. कार्य विवरण र कार्यसम्पादन सम्बन्धी व्यवस्थाः (१) प्रदेश सरकारले स्वीकृत गरेको सङ्गठनको कार्य विवरणको आधारमा प्रत्येक निकायका प्रमुखले प्रत्येक पदको योग्यता, काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र कामको नतिजा मूल्याङ्कन गर्ने सूचक समेत उल्लेख गरी सङ्गठनका लागि स्वीकृत पदको कार्य विवरण स्वीकृत गरी लागू गर्नु पर्नेछ।

तर एघारौं तहको पदको कार्यसम्पादन सूचक सहितको नतिजामूलक कार्य विवरण प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) निजामती कर्मचारीलाई पदस्थापना गर्दा निजको नतिजामूलक कार्य विवरण उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराइएको नतिजामूलक कार्यविवरणको आधारमा निजामती कर्मचारीसँग तोकिए बमोजिमको ढाँचामा कामको मूल्याङ्कन गर्ने सूचकाङ्क सहित कार्यसम्पादन सम्झौता गरी काममा लगाउनु पर्नेछ।

(४) प्रत्येक सुपरिवेक्षकले आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र आफ्नो मातहतमा काम गर्ने निजामती कर्मचारीलाई कार्य विवरणको आधारमा त्यस्तो कर्मचारीले सम्पादन गर्नु पर्ने कामको वार्षिक लक्ष्य निर्धारण गरी जिम्मेवारी तोकी काममा लगाउनु पर्नेछ। त्यस्तो वार्षिक लक्ष्य बमोजिम सम्पादित काम समेतको आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।

(५) कार्य विवरण र कार्यसम्पादन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## प्रदेश निजामती सेवाको दरबन्दी सिर्जना तथा पदपूर्ति

७. संगठन तथा दरबन्दी सिर्जनाः (१) कुनै निकायको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफर गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकिए बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा सम्बन्धित मन्त्रालयको सचिवलाई सहभागी गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा सर्वेक्षण गरिने निकायको कार्य प्रकृति, प्रदेश सरकारलाई पर्ने वित्तीय भार र कार्यबोझ विश्लेषण गरी दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्नु पर्ने देखिएमा सोको कारण र औचित्य समेत खुलाई प्रतिवेदन तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सर्वेक्षण गरी तयार गरिएको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको राय तथा परामर्शका लागि पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन उपर आर्थिक मामिला तथा योजना मन्त्रालयबाट राय तथा परामर्श प्राप्त भएपछि औचित्यको आधारमा मूल्याङ्कन गरी उपयुक्त सुझावलाई समेटी संगठन संरचना वा दरबन्दी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश भएको प्रस्ताव प्रदेश सरकारले स्वीकृत गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम संगठन संरचना वा दरबन्दी स्वीकृत भएपछि सम्बन्धित मन्त्रालयले प्रदेश कर्मचारी अभिलेखालयमा पद दर्ता गर्नु पर्नेछ।

(८) यस दफा बमोजिम कुनै नयाँ पद सिर्जना भएकोमा उपदफा (७) बमोजिम प्रदेश कर्मचारी अभिलेखालयमा पद दर्ता भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिनेछ।

(९) अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, आयोजना, सचिवालय र कार्यालयमा स्थायी दरबन्दी सिर्जना गरिने छैन र त्यस्ता आयोग, समिति, निकाय, आयोजना, सचिवालय र कार्यालयमा अवधि तोकी अस्थायी दरबन्दी रहन सक्नेछ।

तर त्यस्ता आयोग, समिति, निकाय, आयोजना, सचिवालय र कार्यालयमा रहेको अस्थायी दरबन्दीमा खटाइएका वा काजमा गएका कर्मचारीको पद रिक्त भएकोमा स्थायी पदपूर्ति गरिने छैन।

(१०) उपदफा (९) मा उल्लिखित आयोग, समिति, निकाय, आयोजना, सचिवालय र कार्यालयको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम सोही आर्थिक वर्षको लागि मात्र आवश्यक पर्ने जनशक्तिको किसिम तथा संख्या यकीन गरी अस्थायी दरबन्दी सिफारिस गर्न तोकिए बमोजिमको समिति रहनेछ।

(११) यस दफा बमोजिम दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्दा समायोजन ऐन बमोजिम समायोजन भई प्रदेशमा आएका कर्मचारीको पदाधिकार रहेको कुनै पद कटौती गर्न पाइने छैन।

८. <u>प्रदेश निजामती सेवाको पदपूर्ति</u>: (१) प्रदेश निजामती सेवाको रिक्त पदको पूर्ति देहाय बमोजिम गरिनेछः-

| तह | | खुला प्रतियोगित्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्क परीक्षाद्वारा | बढुवा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | |
| (क) | तहविहीन (वन रक्षक) | १००% | - | - | - | - | |
| (ख) | सहायक चौंथो | ७०% | - | २०% | - | १०% | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (ग) | सहायक पाँचौं | ५०% | - | - | २५% | २५% | |
| (घ) | अधिकृत छैटौं | १०० % स्तर वृद्धि | | | | | |
| (ङ) | अधिकृत सातौं | ५०% | ५% | १०% | २०% | १५% | |
| (च) | अधिकृत आठौं | १०० % स्तर वृद्धि | | | | | |
| (छ) | अधिकृत आठौं (कृषि सेवाको पशु चिकित्सक) | १००% | - | - | | - | |
| (ज) | अधिकृत नवौं | १०% | १०% | १०% | ३५% | ३५% | |
| (झ) | अधिकृत नवौं (कृषि सेवाको पशु चिकित्सक) | २०% | १०% | - | ३५% | ३५% | |
| (ञ) | अधिकृत दशौं | १०० % स्तर वृद्धि | | | | | |
| (ट) | अधिकृत एघारौं (सचिव) | - | - | - | ८० % | २० % | |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

| तह | | खुला प्रतियोगितात्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा | |
| (क) | सहायक चौंथो | १००% | - | - | - | - | |
| (ख) | सहायक पाँचौं | ६५% | ५% | १५% | - | १५% | |
| (ग) | अधिकृत छैटौं | १०० % स्तर वृद्धि | | | | | |
| (घ) | अधिकृत सातौं | ५०% | - | १५% | १०% | २५% | |
| (ङ) | अधिकृत आठौं (चिकित्सक बाहेक) | १०० % स्तर वृद्धि | | | | | |
| (च) | अधिकृत आठौं (चिकित्सक) | १००% | | | | | |
| (छ) | अधिकृत नवौं तह | २०% | १०% | १० % | ३०% | ३०% | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (ज) | अधिकृत दशौं | १०० % स्तर वृद्धि | | | | | |
| (झ) | अधिकृत एघारौं (सचिव) | - | - | - | ८०% | २०% | |

(३) उपदफा (१) र (२) मा उल्लिखित खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदको लागि आवश्यक योग्यता तोकिए बमोजिम हुनेछ।

तर उपदफा (१) को खण्ड (ज) र (झ) तथा उपदफा (२) को खण्ड (छ) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने अधिकृत नवौं तहको पदको लागि चाहिने न्यूनतम योग्यता सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्थाको अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा पाँच वर्षको सेवा अवधि पूरा गरेको हुनु पर्नेछ।

(४) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ज) र (झ) तथा उपदफा (२) को खण्ड (छ) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने नवौ तहको पदको लागि सम्बन्धित क्षेत्रको विषयमा विद्यावारिधिको उपाधि प्राप्त गरेको उम्मेदवारको लागि कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्थाको अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको व्यक्ति त्यस्तो पदमा उम्मेदवार हुन सक्नेछ।

(५) उपदफा (३) र (४) को प्रयोजनको लागि कुनै निकायमा आंशिक रूपमा काम गरेको अनुभव गणना हुने छैन।

(६) उपदफा (१) र (२) बमोजिमको अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय तहको सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको र तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको निजामती कर्मचारी उम्मेदवार हुन सक्नेछ।

(७) उपदफा (१) को खण्ड (ख) बमोजिमको आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेश निजामती सेवाको तहविहीन पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको स्थायी कर्मचारी उम्मेदवार हुन सक्नेछ।

(८) उपदफा (१) को खण्ड (ङ) र (ज) बमोजिम आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा र उपदफा (२) को खण्ड (ख), (घ) र (छ) बमोजिम आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेश निजामती सेवाको एक तहमुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि,-

(क) "आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षा" भन्नाले प्रदेश निजामती सेवाभित्रका विभिन्न सेवा र समूहबीचको प्रतिस्पर्धात्मक परीक्षा सम्झनु पर्छ।

(ख) "आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षा" भन्नाले प्रदेश निजामती सेवाको स्वास्थ्य सेवाभित्रका विभिन्न समूहबीचको प्रतिस्पर्धात्मक परीक्षा सम्झनु पर्छ।

(९) उपदफा (१) र (२) बमोजिम कार्यक्षमताको मूल्याङ्कन र ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दफा २९ बमोजिमको योग्यता पुगेको प्रदेश निजामती सेवाको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।

(१०) यो ऐन प्रारम्भ हुनु अघि समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका नेपाल विविध सेवाका कर्मचारी प्रदेश प्रशासन सेवाको एक तह माथिको पदमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(११) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कर्मचारी देहायको अवधिभर खुला प्रतियोगितात्मक परीक्षाद्वारा, अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा, आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा वा आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) प्रचलित कानून बमोजिम निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) यो ऐन तथा सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय सजाय भई बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सहायकस्तर पाँचौं तहको कम्प्युटर अपरेटर, सहायकस्तर चौथो तहको सहायक कम्प्युटर अपरेटर र तहविहीन पदमा कार्यरत सवारी चालक, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी र यस्तै काम गर्ने अन्य तोकिए बमोजिमका पदमा स्थायी पदपूर्ति गरिने छैन र त्यस्ता पदबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी संस्था वा व्यक्तिसँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउन सकिनेछ।

(१३) समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका नेपाल विविध सेवाका कर्मचारीको पद र तहविहीन पद रिक्त भएमा त्यस्तो पद स्वतः खारेज हुनेछ र सोको जानकारी सम्बन्धित कार्यालयले प्रदेश कर्मचारी अभिलेखालयमा दिनु पर्नेछ।

तर तहविहीन वनरक्षक पद खारेज हुने छैन र त्यस्तो पदमा यस ऐन बमोजिम पदपूर्ति गरिनेछ।

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती सेवाको देहायका पद रिक्त भएमा देहाय बमोजिम पदपूर्ति गर्नु पर्नेछः-

(क) छैठौं तहको पद रिक्त भएमा पाँचौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने,

(ख) आठौं तहको स्वास्थ्य सेवाको चिकित्सक र कृषि सेवाको पशु चिकित्सक बाहेकका पद रिक्त भएमा सातौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने,

(ग) आठौं तहको स्वास्थ्य सेवाको चिकित्सक र कृषि सेवाको पशु चिकित्सकको पद रिक्त भएमा सोही तहको पद रिक्त मानी पदपूर्ति गर्ने,

(घ) दशौं तहको पद रिक्त भएमा नवौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने।

(१५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रिक्त पद देहाय बमोजिम पूर्ति गरिनेछः-

(क) अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि छुट्याइएको सबै वा केही पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्षको खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमा समावेश गरी पूर्ति गर्ने,

(ख) आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षा वा आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि छुट्याइएको सबै वा केही पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्षको कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पूर्ति गर्ने,

तर उपदफा (१) को खण्ड (ख) र उपदफा (२) को खण्ड (ख) को हकमा त्यस्तो पद अर्को वर्षको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पूर्ति गरिनेछ।

(ग) ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद कार्यक्षमताको मूल्याङ्कनद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गर्ने,

तर उपदफा (१) को खण्ड (ख) को हकमा त्यस्तो पद अर्कोवर्षको आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा र उपदफा (२) को खण्ड (ख) को हकमा त्यस्तो पद अर्कोवर्षको आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिनेछ।

(घ) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ।

तर उपदफा (१) को खण्ड (ट) र उपदफा (२) को खण्ड (झ) को हकमा त्यस्तो पद सोहीवर्षको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पदपूर्ति गरिनेछ।

(१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय सेवा वा जुनसुकै प्रदेश वा जुनसुकै स्थानीय सेवाको समान तहको पदमा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुला प्रतियोगितात्मक परीक्षाद्वारा वा अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने समान तहको पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन।

(१७) प्रदेश निजामती सेवाको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. <u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः</u> (१) प्रदेश निजामती सेवालाई समावेशी बनाउन दफा ८ को उपदफा (१) र (२) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका प्रत्येक समूहलाई तोकिएको पदमा तेत्तीस प्रतिशत महिलालाई छुट्याई देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | |
|---|---|
| (क) खस आर्य | - पैंतालीस प्रतिशत |
| (ख) दलित | - बाइस प्रतिशत |
| (ग) आदिवासी जनजाती | - बाह्र प्रतिशत |
| (घ) पिछडिएको क्षेत्र | - दश प्रतिशत |
| (ङ) अपाङ्गता भएका व्यक्ति | - पाँच प्रतिशत |
| (च) शहिद परिवार तथा बेपत्ता पारिएका व्यक्तिका परिवार | - दुई प्रतिशत |
| (छ) मधेशी तथा मुस्लिम | - दुई प्रतिशत |
| (ज) थारु | - दुई प्रतिशत |

<u>स्पष्टीकरणः</u>

(१) यस उपदफाको खण्ड (क) को प्रयोजनको लागि "खस आर्य" भन्नाले प्रचलित कानून बमोजिम गरिबीको परिचयपत्र प्राप्त गरेको वा त्यसरी परिचयपत्र नभएसम्मका लागि तोकिए बमोजिमभन्दा कम वार्षिक आय भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको खस आर्य समुदायको आर्थिक रुपले विपन्न व्यक्ति सम्झनु पर्छ।

(२) यस उपदफाको खण्ड (ख), (ग), (छ) र (ज) को प्रयोजनको लागि "दलित, आदिवासी जनजाती, मधेशी तथा मुस्लिम र थारु" भन्नाले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका "दलित, आदिवासी जनजाती, मधेशी तथा मुस्लिम र थारु" लाई सम्झनु पर्छ।

(३) यस उपदफाको खण्ड (घ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले हुम्ला, डोल्पा, मुगु, कालिकोट, जुम्ला र जाजरकोट जिल्ला सम्झनु पर्छ।

(४) यस उपदफाको खण्ड (च) को प्रयोजनको लागि,-

(क) "शहिद परिवार" भन्नाले नेपाल राजपत्रमा प्रकाशित शहिदका बावु, आमा, पति, पत्नि वा छोरा वा छोरी, सहोदर भाई वा बहिनी सम्झनु पर्छ।

(ख) "बेपत्ता पारिएका व्यक्तिका परिवार" भन्नाले जनआन्दोलन तथा सशस्त्र संघर्षका क्रममा बेपत्ता पारिएका व्यक्तिका बावु, आमा, पति, पत्नि वा छोरा वा छोरी, सहोदर भाई वा बहिनी सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम महिलाको लागि छुट्टाइएको पदमा सम्बन्धित समूहका महिलाहरु बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिष्पर्धा गर्न पाउने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्नेछ।

तर यसरी प्रतिस्पर्धा गराइने पद संख्या कुल रिक्त पद संख्याको बीस प्रतिशत भन्दा बढी हुने छैन।

(४) उपदफा (१) बमोजिमको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा अधिकृत वा सहायकस्तरको पदमा एक पटक मात्र लिन पाउनेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिले सो उपदफा बमोजिमको एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने निजले त्यस्ता समूहहरुमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्र यस दफा बमोजिमको प्रतिस्पर्धा गर्न पाउनेछ।

(६) उपदफा (१) को खण्ड (ङ) बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि छुट्याइएको पदमा कुनै खास प्रकृतिको कामको लागि तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिहरु बीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गर्न सकिनेछ।

(७) उपदफा (१) बमोजिमको समूहको लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने तोकिए बमोजिमको कागजात पेश गर्नु पर्नेछ।

(८) उपदफा (१) बमोजिम कुनै पनि समूहका लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्यूनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गर्नु पर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गर्नु पर्नेछ।

(९) उपदफा (१) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताङ्क (फ्रयाक्सन) आएमा त्यस्तो घताङ्क जुन समूहको हकमा घताङ्क आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ।

(१०) यस दफा बमोजिमको आरक्षण सुविधा यो ऐन लागू भएको मितिले प्रत्येक दश वर्षमा प्रदेश सरकारले पुनरावलोकन गरी निर्धारण गर्नु पर्नेछ।

(११) यस दफा बमोजिम हुने पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. <u>प्रदेश सरकारको सचिव प्रदेश निजामती सेवाबाट हुने</u>: (१) प्रदेश सरकारको सचिवमा प्रदेश निजामती सेवाको एघारौं तहको कर्मचारी हुनेछ।

(२) सचिवको नियुक्ति प्रदेश सरकारले गर्नेछ।

(३) सचिवको पदावधि पाँच वर्षको हुनेछ।

तर समायोजन ऐन बमोजिम प्रदेश निजामती सेवाको एघारौं तहमा समायोजन भई आएको कर्मचारीको पदावधि सङ्घीय निजामती सेवा ऐन बमोजिम हुनेछ।

(४) प्रदेश निजामती सेवाबाट सचिव नियुक्त नभएसम्म रिक्त रहेको सचिव पदमा सङ्घीय निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी रहनेछ।

(५) प्रदेश सरकारको सचिव सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. <u>प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने</u>: (१) खुला प्रतियोगितात्मक परीक्षा, अन्तर तह प्रतियोगितात्मक परीक्षा र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षा वा आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ।

(२) दफा ८ र ९ बमोजिम पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगले पद संख्या निर्धारण गरी विज्ञापन गर्नेछ।

(३) उपदफा (२) बमोजिम पद संख्या निर्धारण गर्दा कुनै विवाद आएमा प्रदेश लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ।

१२. <u>पदपूर्तिको लागि माग गर्ने सम्बन्धी व्यवस्था</u>: (१) प्रदेश निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण सहितको जानकारी सम्बन्धित मन्त्रालय र प्रदेश कर्मचारी अभिलेखालयलाई दिनु पर्नेछ। त्यसरी जानकारी नदिने कर्मचारीलाई विभागीय कारबाही हुनेछ।

(२) उपदफा (१) बमोजिम रिक्त पदको जानकारी प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले त्यस्तो रिक्त पद सरुवाद्वारा पूर्ति गर्न सकिने भए सरुवाद्वारा पूर्ति गर्नु पर्नेछ। सरुवाद्वारा पूर्ति गर्न नसकिने भए प्रदेश लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा माग आकृति फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि माग गरी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पदपूर्तिका लागि माग गरी पठाउँदा उपदफा (१) बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकीन गरी माग गर्नु पर्नेछ।

(४) पदपूर्तिको लागि माग गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. <u>पदपूर्तिमा बन्देज</u>: (१) प्रदेश निजामती सेवाको कुनै पनि पदमा यस ऐनमा व्यवस्था भए बमोजिम बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन।

(२) यस ऐन बमोजिम सिर्जना भएको स्थायी पदमा नियुक्ति वा बढुवा भएको निजामती कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा नियुक्ति गरिएको कारणले त्यस्तो रिक्त दरबन्दीमा कुनै पनि व्यहोराले पदपूर्ति गर्न पाइने छैन।

(३) उपदफा (१) र (२) विपरीत पदपूर्ति गरेमा पदपूर्ति गर्ने पदाधिकारीबाट कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

१४. <u>ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने</u>: (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक निजामती कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन।

(२) उपदफा (१) विपरीत नियुक्ति गरेमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

१५. **नियुक्ति तथा पदस्थापनः** (१) प्रदेश निजामती सेवाको अधिकृतस्तर एघारौं तह वा सो सरहको पदमा प्रदेश सरकारले, अधिकृतस्तर दशौं र नवौं तहको पदमा प्रमुख सचिव तथा अधिकृतस्तर आठौं, सातौं, छैटौं वा सो सरहको पदमा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयको सचिव वा सो सरहको अधिकृतले नियुक्ति तथा पदस्थापन गर्नेछ। त्यसरी गरिएको नियुक्ति तथा पदस्थापनको सूचना प्रदेश राजपत्रमा प्रकाशित गर्नु पर्नेछ।

(२) प्रदेश निजामती सेवाको सहायकस्तरको पदमा विभागीय प्रमुख वा अधिकृतस्तरको कार्यालय प्रमुखले नियुक्ति तथा पदस्थापन गर्न सक्नेछ।

(३) कर्मचारीको पदस्थापना गर्दा प्रदेश लोक सेवा आयोग वा बढुवा समितिले सिफारिस गरेको योग्यताक्रमका आधारमा गर्नु पर्नेछ।

(४) नियुक्ति तथा पदस्थापन गर्ने जिम्मेवारी भएको व्यक्ति वा पदाधिकारीले तोकिए बमोजिमको अवधिभित्र नियुक्ति तथा पदस्थापन नगरेमा विभागीय कारवाही हुनेछ।

१६. **निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्नेः** (१) प्रदेश निजामती सेवाको पदमा पहिलो पटक नयाँ नियुक्तिको लागि सिफारिस भएको व्यक्तिले तोकिए बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र पेश नगरेमा निजलाई प्रदेश निजामती सेवाको पदमा नियुक्ति गरिने छैन।

(२) निरोगिताको प्रमाणपत्र नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत चिकित्सकबाट प्रदान गरिएको हुनु पर्नेछ।

१७. **शपथ ग्रहणः** प्रदेश निजामती सेवामा पहिलोपटक नियुक्ति भएको कर्मचारीले आफ्नो कार्य सम्हाल्नु अघि तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

१८. **परीक्षण कालः** (१) प्रदेश निजामती सेवाको पदमा खुला प्रतियोगिताद्वारा नियुक्ति गर्दा महिला कर्मचारीको हकमा छ महिना र पुरुष कर्मचारीको हकमा एक वर्ष परीक्षण कालमा रहने गरी गरिनेछ।

तर सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवामा एक पटक परीक्षण काल पूरा गरेको कर्मचारीलाई पुनः परीक्षण कालमा राखिने छैन।

(२) परीक्षण कालमा निजामती कर्मचारीको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ। परीक्षण कालमा नियुक्ति बदर नगरिएका निजामती कर्मचारीको परीक्षण काल समाप्त भएपछि स्वतः नियुक्ति सदर भएको मानिनेछ।

१९. **व्यक्तिगत विवरण (सिटरोल)ः** (१) प्रदेश निजामती सेवामा नियुक्ति भएका कर्मचारीले नियुक्ति भएको एक महिनाभित्र तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण तयार गरी कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत विवरण सम्बन्धित कार्यालय प्रमुखले प्राप्त गरेको पन्ध्र दिनभित्र प्रमाणित गरी आवश्यक कागजात सहित प्रदेश कर्मचारी अभिलेखालयमा पठाउनु पर्नेछ।

(३) प्रदेश कर्मचारी अभिलेखालयले व्यक्तिगत विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दर्ता गरी सम्बन्धित कर्मचारीलाई संकेत नम्बर उपलब्ध गराउनु पर्नेछ र त्यस्तो संकेत नम्बर कर्मचारीको सरूवा, बढुवा, पदस्थापन लगायतका पत्राचारमा प्रयोग गरिनेछ।

(४) कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ।

(५) समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा राष्ट्रिय किताबखानाबाट त्यस्ता कर्मचारीको विवरण माग गरी प्रदेश कर्मचारी अभिलेखालयले व्यक्तिगत विवरण अद्यावधिक गर्नु पर्नेछ।

२०. <u>उम्मेदवार हुनको लागि योग्यताः</u> (१) देहायको योग्यता भएको व्यक्ति प्रदेश निजामती सेवाको पदमा उम्मेदवार हुन सक्नेछः-

(क) सहायकस्तरको पदमा अठार वर्ष उमेर पूरा भएको,

(ख) अधिकृतस्तरको पदमा एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा नभएको,

तर सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय तहको सेवामा रहेका स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(घ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ङ) सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान तहको पदमा कार्यरत नरहेको,

(च) नेपाली नागरिक।

(२) भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको प्रदेश निजामती सेवाको पदमा चालीस वर्ष उमेर ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(३) अधिकृतस्तर नवौं तहको पदको लागि हुने खुला प्रतियोगितामा यस दफा बमोजिम योग्यता पुगेको व्यक्ति पैंतालीस वर्ष उमेर पूरा नभएसम्म उम्मेदवार हुन सक्नेछ।

(४) दफा ९ को उपदफा (६) बमोजिम तोकिएका अपाङ्गता भएका व्यक्तिहरु चालीस वर्षको उमेरसम्म उम्मेदवार हुन सक्नेछन्।

(५) देहायको व्यक्ति प्रदेश निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैनः-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन तथा ओसारपसार, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह, जातीय छुवाछुत तथा भेदभाव वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सरकारी सेवाबाट बर्खास्त गरिएको,

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) उपदफा (१) मा उल्लिखित योग्यता नपुगेको।

२१. <u>सेवा करार नियुक्ति सम्बन्धी व्यवस्था</u> (१) प्रदेश लोक सेवा आयोगले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारमध्येबाट सेवा करार नियुक्ति गर्ने प्रयोजनको लागि छुट्टै अस्थायी योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नु पर्नेछ।

(२) प्रदेश निजामती सेवाको कुनै रिक्त पदमा सेवा करार नियुक्ति गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयले प्रदेश लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा प्रदेश लोक सेवा आयोगले अस्थायी योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित मन्त्रालयको मागको आधारमा सेवा करार नियुक्ति गर्न नाम सिफारिस गरी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश लोक सेवा आयोगको सूचीमा कर्मचारी उपलब्ध नभएमा प्रदेश लोक सेवा आयोगको सहमतिमा सङ्घीय लोक सेवा आयोगको अस्थायी योग्यताक्रममा रहेको सूचीबाट कर्मचारी व्यवस्थापन गर्न सकिनेछ।

(५) उपदफा (३) र (४) बमोजिम सिफारिस भएको व्यक्तिलाई बढीमा छ महिनासम्मको लागि सम्बन्धित मन्त्रालयले सेवा करार नियुक्ति गर्नेछ।

तर प्रदेश स्वास्थ्य सेवाको चिकित्सक वा स्वास्थ्यकर्मीको रिक्त पदमा पदपूर्ति नभएसम्म र चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण बिदामा रहेको भए त्यस्तो बिदाको अवधिभर सेवा करार नियुक्ति गर्न सकिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोक सेवा आयोगको अस्थायी योग्यताक्रम सूची नभएमा वा सङ्घीय लोक सेवा आयोगको अस्थायी योग्यताक्रम सूची नभएको वा अस्थायी सूचीमा रहेको उम्मेदवार उपलब्ध नभएमा प्रदेश लोक सेवा आयोगको सहमतिमा प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम उपदफा (५) मा उल्लिखित अवधिभर सेवा करार नियुक्ति गर्न सकिनेछ।

(७) उपदफा (५) र (६) बमोजिम सेवा करारमा नियुक्ति गरेको जानकारी सम्बन्धित मन्त्रालयले सात दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

(८) यस दफा विपरीत कसैले सेवा करारमा नियुक्ति गरेमा त्यस्तो नियुक्ति भएको निजामती कर्मचारीले खाइपाई आएको तलब भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

२२. <u>पदाधिकार र जिम्मेवारी</u>ः (१) देहायको अवस्थामा निजामती कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) बिदामा रहेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) अर्को पदमा कायम मुकायम भई काम गरेको अवधिभर,

(च) काजमा खटिएको अवधिभर।

(२) देहायको अवस्थामा बाहेक कुनै निजामती कर्मचारीलाई पन्ध्र दिनभन्दा बढी अवधिसम्म जिम्मेवारी नदिई राख्न पाइने छैनः-

(क) बिदामा रहेको,

(ख) निलम्बन भएको,

(ग) सेवा, समूह अनुसारको पद वा दरबन्दी नभई फाजिलमा परेको।

(३) उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनु पर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारबाही हुनेछ।

२३. <u>कायम मुकायम र निमित्तः</u> (१) विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा, बिदा स्वीकृत नगराई साठी दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा प्रचलित कानून बमोजिम निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनको लागि समान तहको वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेको एक तह मुनिको पदको सबै भन्दा वरिष्ठ निजामती कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सो पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन।

(३) उपदफा (१) विपरीत कुनै निजामती कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलव, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असूल उपर गरिनेछ।

(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा कार्यालयमा कार्यरत निजामती कर्मचारीमध्ये निकटतम् वरिष्ठ कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ।

<u>स्पष्टीकरण</u>ः यस उपदफाको प्रयोजनको लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैले गर्नु पर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नु पर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ।

## परिच्छेद-४

## <u>सरुवा र काज</u>

२४. **सरुवा गर्ने अधिकारः** (१) निजामती कर्मचारीलाई सरुवा गर्ने अधिकार अख्तियारवालालाई हुनेछ।

तर,

(क) अधिकृतस्तर एघारौं तह वा सो सरहका कर्मचारीलाई प्रदेश सरकारले सरुवा गर्नेछ।

(ख) एक मन्त्रालय वा अन्तर्गतको निर्देशनालय वा कार्यालयको कर्मचारीलाई अर्को मन्त्रालय वा अन्तर्गतको निर्देशनालय वा कार्यालयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरुवा गर्नेछ।

(ग) कर्णाली प्रदेशका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको सरुवा प्रमुख सचिवले गर्नेछ।

(घ) कार्यालय प्रमुखको पदमा कार्यरत कर्मचारीको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई विषयगत मन्त्रालयले गर्नेछ।

(ङ) कर्णाली प्रदेशको स्थानीय सेवाको कर्मचारीलाई कर्णाली प्रदेशभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरुवा गर्नेछ।

(च) प्रदेश प्रशासन सेवा, लेखा समूहका कर्मचारीको सरुवा आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ।

(छ) प्रदेश स्वास्थ्य सेवाको दशौं तहसम्मका कर्मचारीलाई सामाजिक विकास मन्त्रालयले सरुवा गर्नेछ।

(२) निजामती कर्मचारीलाई सरुवा गर्दा अनिवार्य रुपमा चक्रिय प्रणाली अवलम्बन गरिनेछ। त्यसरी सरुवा गर्दा निजामती कर्मचारीलाई सबै भौगोलिक क्षेत्रको अनुभव दिलाउने र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने गरी तोकिए बमोजिमको पूर्वानुमानयोग्य आधार र प्राथमिकता बमोजिम कम्तीमा एकवर्ष समयावधि तोकी सरुवा गरिनेछ।

तर सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह, उपसमूह र तहका कर्मचारीलाई पद भएका क्षेत्रमा तोकिए बमोजिम सरुवा गर्न सकिनेछ।

(३) निजामती कर्मचारीलाई कुनै निकाय वा कार्यालयमा निजको कम्तीमा एक वर्ष सेवा अवधि पूरा नभई अर्को निकाय वा कार्यालयमा सरुवा गरिने छैन।

तर सहायकस्तरका निजामती कर्मचारीलाई सरुवा गर्ने अधिकार प्राप्त अधिकारीभन्दा एक तह माथिको अधिकारीको सहमति लिई तथा अधिकृतस्तरका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई देहायको अवस्थामा एकवर्ष अवधि पूरा नभए तापनि सरुवा गर्न सकिनेछः-

(क) कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकार वा प्रदेश सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) कुनै निजामती कर्मचारीलाई विशेष जिम्मेवारी दिनु परेमा,

(ग) कुनै निजामती कर्मचारीलाई विभागीय कारबाही गर्नु परेमा,

(घ) कुनै निजामती कर्मचारीलाई निजको काम कारबाही, व्यवहार र आचरणको कारण कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएको पर्याप्त आधार र कारण भएमा,

(ङ) प्रदेश निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत निजामती कर्मचारी फाजिलमा परेमा।

(४) उपदफा (३) बमोजिम कुनै कर्मचारीलाई सरुवा गर्दा वा सरुवा गर्न सहमति माग गर्दा सो उपदफा बमोजिमको अवधि नपुग्दै त्यसरी सरुवा गर्नु परेको कारण खुलाई सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

(५) यस दफा विपरीत गरेको सरुवा स्वतः बदर हुनेछ र यसरी सरुवा गर्ने अधिकारीलाई अख्तियारवालाले विभागीय कारबाही गर्नेछ।

(६) यस दफा बमोजिम सरुवा हुने कर्मचारी बाटोको म्याद बाहेक तोकिएको समयभित्र बरबुझारथ गरी खटिएको कार्यालयमा हाजिर हुन जानु पर्नेछ।

(७) उपदफा (६) बमोजिम हाजिर हुन जानु पर्ने कर्मचारीलाई रमाना दिई पठाउनु सम्बन्धित कार्यालय प्रमुखको जिम्मेवारी हुनेछ।

(८) उपदफा (६) र (७) विपरीत हाजिर हुन नजाने वा रमाना नदिने कर्मचारीलाई विभागीय कारबाही गरिनेछ। सरुवा भएको कर्मचारीलाई रमाना नदिई तलब भत्ता भुक्तानी गरेमा त्यसरी तलब भत्ता भुक्तानी गर्ने अधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

(९) अध्ययन बिदामा रहेको वा स्वतः निलम्बनमा रहेको वा छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै बिदामा रहेको वा तीन महिनाभन्दा बढी अवधि अन्यत्र काजमा खटिएको वा कुनै खास कामको लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नको लागि खटाइएको निजामती कर्मचारीको हकमा पदाधिकार रहेको मन्त्रालयको सहमति लिई सो अवधिभरको लागि विशेष पद सिर्जना गरी केन्द्रीयस्तरको निकायमा पदाधिकार सार्न सकिनेछ।

(१०) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. <u>भौगोलिक क्षेत्रको वर्गीकरण</u>ः (१) यस ऐनको प्रयोजनको लागि प्रदेशको भौगोलिक क्षेत्रलाई "क", "ख" र "ग" गरी तीन वर्गमा वर्गीकरण गरिनेछ।

(२) भौगलिक क्षेत्रको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. <u>काज सम्बन्धी व्यवस्था</u>ः (१) निजामती कर्मचारीलाई सामान्यतयाः एउटा कार्यालयबाट अर्को कार्यालयमा काजमा खटाइने छैन।

तर निजामती कर्मचारीको विशिष्ट ज्ञान, सीप, योग्यता र अनुभवको उपयोग गर्न आवश्यक परेको अवस्थामा निज कार्यरत मन्त्रालय, सचिवालय वा आयोग अन्तरगतको कार्यालयमा एक आर्थिक वर्षमा अवधि तोकी बढीमा तीन महिनाको लागि काज खटाउन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन, लेखापरीक्षण, परीक्षा सञ्चालन, तथ्याङ्क सङ्कलन, तालिम, नापी टोली, सर्वेक्षण, कुनै घटनाको जाँचबुझ वा छानबिन, महामारी वा संक्रामक रोग नियन्त्रण, विपद् व्यवस्थापन लगायतका काम गर्न कुनै निजामती कर्मचारीलाई सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई अवधि तोकी बढीमा एक वर्षसम्म काज खटाउन सक्नेछ।

(३) कुनै निजामती कर्मचारीलाई प्रदेश निजामती सेवाको पद नभएको निकाय वा प्रदेश सरकारको आयोजनाका लागि स्वीकृत अस्थायी दरबन्दीमा काज खटाउँदा सहायकस्तरका कर्मचारीको हकमा सम्बन्धित मन्त्रालयको र अधिकृतस्तरको कर्मचारीको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई अवधि तोकी बढीमा एक आर्थिक वर्षका लागि तोकिए बमोजिम काज खटाउन सकिनेछ।

(४) कुनै मन्त्रालय, सचिवालय वा आयोगको निजामती कर्मचारीलाई अर्को मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गत काजमा खटाउनु पर्ने भएमा काज खटिने निकायको माग र कर्मचारीको पदाधिकार रहेको निकायको सहमतिमा यस दफा बमोजिम अवधि तोकी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले काज खटाउन सक्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारीलाई विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा पदाधिकार राखी अन्यत्र निकाय वा आयोजनामा काज खटाइने छैन।

(६) कुनै मन्त्रालय, सचिवालय वा आयोगमा कार्यरत कर्मचारीको विशिष्ट ज्ञान, सीप, योग्यता र अनुभव अर्को मन्त्रालय, सचिवालय वा आयोगलाई आवश्यक परेमा माग गर्ने निकायको अनुरोध र पदाधिकार रहेको निकायको सहमतिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अवधि तोकी बढीमा तीन महिनाका लागि काज खटाउन सक्नेछ।

(७) काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन रमाना दिई पठाउनु पर्नेछ।

(८) काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने कर्मचारीलाई त्यस्तो अवधिको तलब भत्ता भुक्तानी गर्नु हुँदैन र त्यस्तो कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा सम्बन्धित कार्यालय प्रमुख, लेखा प्रमुख र भुक्तानी दिने कर्मचारीबाट असूल उपर गरिनेछ।

(९) प्रदेश निजामती सेवाको कुनै सेवा, समूह, उपसमूह वा तहको दरबन्दीमा अन्य सेवा, समूह, उपसमूह वा तह वा स्थानीय तहको सेवाका कर्मचारीलाई काजमा खटाउन सकिने छैन।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले प्रदेशसँग कर्मचारीको माग गरेमा स्थानीय सेवाको रिक्त पदमा एक पटकमा बढीमा एक वर्षका लागि प्रदेश निजामती सेवाका कर्मचारीलाई स्थानीय तहमा काजमा खटाउन सकिनेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत एघारौं तहको पदमा कार्यरत कर्मचारीलाई सोही सेवाको अधिकृत एघारौं तहको पदमा मात्र काजमा खटाउन सकिनेछ।

(१२) यस दफा विपरीत मन्त्रालयले खटाएको काज प्रदेश सरकारले र अन्य निकाय वा अधिकारीले खटाएको काज मन्त्रालयले बदर गर्न सक्नेछ।

(१३) यस ऐन विपरीत काज खटाउने अधिकारीलाई विभागीय कारबाही हुनेछ। त्यसरी काजमा खटिएको कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट असूल उपर गरिनेछ।

## परिच्छेद-५

## स्तर वृद्धि र बढुवा

२७. स्तर वृद्धि सम्बन्धी व्यवस्थाः (१) दफा ८ को उपदफा (१) को खण्ड (क) को तहविहीन तह बाहेक सोही दफाको उपदफा (१) र (२) बमोजिम स्तर वृद्धि हुने पदमा स्तर वृद्धि हुने तहभन्दा एक तह मुनिको तहमा तीनवर्ष सेवा अवधि पूरा भएको, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको निजामती कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र स्तर वृद्धि गरिनेछः-

| क्र.सं. | हालको तह | स्तर वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | प्रदेश स्वास्थ्य सेवा बाहेकका अन्य प्रदेश सेवा | प्रदेश स्वास्थ्य सेवा |
| १. | पाँचौं | छैटौं | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २. | सातौं | आठौं | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३. | नवौं | दशौं | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) दफा ८ को उपदफा (१) को खण्ड (क) को तहविहीन तहको स्तर वृद्धि देहाय बमोजिम

हुनेछः-

(क) प्रथमस्तर,

(ख) द्वितीयस्तर,

(ग) तृतीयस्तर,

(घ) चतुर्थस्तर,

(ङ) पाँचौंस्तर।

(३) तहविहीन पदमा शुरु नियुक्ति हुने निजामती कर्मचारीको प्रथमस्तर कायम हुनेछ।

(४) दफा ११२ बमोजिम सजायको अभिलेख नभएको तहविहीन निजामती कर्मचारीको अख्तियारवालाले देहाय बमोजिम स्तर वृद्धि गर्नेछः-

(क) पाँच वर्ष वा सोभन्दा बढी तर दश वर्षभन्दा कम सेवा अवधि भएकोलाई द्वितीयस्तर,

(ख) दश वर्ष वा सोभन्दा बढी तर पन्ध्र वर्षभन्दा कम सेवा अवधि भएकोलाई तृतीयस्तर,

(ग) पन्ध्र वर्ष वा सोभन्दा बढी तर बीस वर्षभन्दा कम सेवा अवधि भएकोलाई चतुर्थस्तर,

(घ) बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएकोलाई पाँचौंस्तर।

(५) उपदफा (१) र (२) को स्तर बमोजिमको तलबमान प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(६) उपदफा (१) र (२) बमोजिम स्तर वृद्धि गर्दा प्रत्येक वर्षको साउन एक गते र माघको एक गतेदेखि लागू हुने गरी गर्नु पर्नेछ।

(७) उपदफा (१) र (२) बमोजिम स्तर वृद्धि गर्ने प्रयोजनको लागि सेवा अवधि गणना गर्दा समायोजन हुनु पूर्व कायम रहेको सेवा, समूहको सम्बन्धित समान श्रेणी वा तहमा कायम रहेको अवधि समेत गणना हुनेछ।

(८) उपदफा (१) र (२) बमोजिम स्तर वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाइपाई आएको तलबभन्दा घटी हुने भएमा खाइपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(९) अधिकृतस्तर दशौं तहमा स्तर वृद्धि गर्दा प्रमुख सचिवले र अधिकृतस्तर आठौं र छैटौं तहमा स्तर वृद्धि गर्दा सम्बन्धित मन्त्रालयको सचिवले गर्नेछ। त्यसरी गरिएको स्तर वृद्धिको जानकारी मन्त्रालय, प्रदेश कर्मचारी अभिलेखालय र प्रदेश लोक सेवा आयोगलाई दश दिनभित्र दिनु पर्नेछ।

(१०) स्तर वृद्धि भएको निजामती कर्मचारीले स्तर वृद्धि हुनु अघिको तहमा गरेको कामको अतिरिक्त कार्य विवरणमा तोकिएका अन्य काम गर्नु पर्नेछ।

२८. <u>बढुवा समिति</u>ः (१) प्रदेश निजामती सेवाको अधिकृतस्तरको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य - अध्यक्ष

(ख) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(ग) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) प्रदेश लोक सेवा आयोगद्वारा मनोनीत सम्बन्धित विषयको विज्ञ - सदस्य

(ङ) सचिव (प्रशासन महाशाखा हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

(२) बढुवा समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको बढुवा समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

(४) सहायकस्तरको पदमा बढुवाका लागि सिफारिस गर्न तोकिए बमोजिमको बढुवा समिति रहनेछ।

(५) बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने कार्यविधि बढुवा समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) बढुवा समितिले बढुवा सिफारिसको नामावली प्रकाशित गर्दा बढुवाको लागि आवेदन गरेका सबै सम्भाव्य उम्मेदवारको योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ।

(७) बढुवा समितिले बढुवा आवेदन फाराम बुझाउने अन्तिम मितिले साठी दिनभित्र बढुवाको नतिजा प्रकाशित गर्नु पर्नेछ।

२९. <u>बढुवा हुनको लागि न्यूनतम सेवा अवधि, तालिम र शैक्षिक योग्यता</u>ः (१) यस ऐनको दफा ८ को उपदफा (१) र (२) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा तथा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालिन तालिम लिएका, जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्म देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पूगेको हुनु पर्नेछः-

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| अधिकृतस्तर एघारौं | अधिकृतस्तर दशौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण |
| अधिकृतस्तर नवौं | अधिकृतस्तर आठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण |
| अधिकृतस्तर सातौं | अधिकृतस्तर छैटौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण |
| सहायकस्तर पाँचौं | सहायकस्तर चौंथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण |

| | | |
|---|---|---|
| सहायकस्तर चौंथो | तहविहीन तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण |

<u>स्पष्टीकरण</u>: यस उपदफाको प्रयोजनको लागि "तल्लो पदमा सेवाकालीन तालिम लिएका" भन्नाले सातौं तहको पदका लागि पाँचौं वा छैटौं तहमा, नवौं तहको पदका लागि सातौं वा आठौं तहमा र एघारौं तहको पदका लागि नवौं वा दशौं तहमा न्यूनतम तीस कार्य दिनको सेवासँग सम्बन्धित तालिम लिएको सम्झनु पर्छ।

(२) यस दफाको प्रयोजनको लागि प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको हकमा उपदफा (१) बमोजिम बढुवाको लागि सेवा अविध गणना गर्दा यस ऐन बमोजिम निजको तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन पूर्वको सेवा अवधि समेत जोडी गणना गरिनेछ।

(३) यस दफाको प्रयोजनको लागि लागि प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको हकमा उपदफा (१) बमोजिम बढुवाको लागि सेवा अवधि गणना गर्दा देहाय बमोजिम गणना गरिनेछः-

(क) अधिकृतस्तर एघारौं तहको लागि अधिकृतस्तर दशौं, नवौं र समायोजन पूर्वको राजपत्राङ्कित द्वितीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको,

(ख) अधिकृतस्तर नवौं तहको लागि अधिकृतस्तर आठौं, सातौं र समायोजन पूर्वको राजपत्राङ्कित तृतीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको,

(ग) अधिकृतस्तर सातौं तहको लागि अधिकृतस्तर छैटौं, सहायकस्तर पाँचौं र समायोजन पूर्वको राजपत्रअनङ्कित प्रथम श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको,

(घ) सहायकस्तर पाँचौं तहको लागि सहायकस्तर चौंथो तह र समायोजन पूर्वको राजपत्रअनङ्कित द्वितीय श्रेणीको सेवा अवधि गरी कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको।

तर यस उपदफा बमोजिम एक पटक बढुवा भइसकेको कर्मचारीले पुनः बढुवा हुनु परेमा उपदफा (१) बमोजिमको सेवा अवधि पूरा गर्नु पर्नेछ।

(४) यो ऐन प्रारम्भ भएपछि संघ, अन्य प्रदेश वा स्थानीय तहबाट समायोजन संशोधन भई आउने कर्मचारी प्रदेश निजामती सेवामा दुई वर्ष सेवा अवधि पूरा नगरी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन।

३०. <u>स्तर वृद्धि र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने</u>ः दफा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर कुनै पनि निजामती कर्मचारी स्तर वृद्धि र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एकवर्षसम्म,

(ग) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(घ) तलब वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(ङ) दफा ४३ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(च) प्रचलित कानून बमोजिम सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता हुनु पर्ने व्यक्तिको नाम दर्ता नभएसम्म, दर्ता प्रमाणपत्रको म्याद सकिएको भए नवीकरण नभएसम्म र दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

(छ) दफा २५ को उपदफा (१) बमोजिम "क" र "ख" वर्गका भौगोलिक क्षेत्रमा कम्तीमा दुई सय तेत्तिस दिनका दरले रुजु हाजिर भई न्यूनतम सेवा अवधि पूरा नगरेको।

तर समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा एक पटकको लागि र सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र तहका कर्मचारीलाई बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बाधा पर्ने छैन।

३१. <u>बढुवा नियुक्तिको रोक्का</u>: कुनै निजामती कर्मचारीको बढुवाका लागि सिफारिस भइसकेपछि बढुवा नियुक्ति नपाउँदै निलम्बन वा बढुवा रोक्का वा तलब वृद्धि रोक्का भएमा वा नसिहत पाएमा दफा ३० बमोजिमको अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरी सो अवधि समाप्त भएको भोलिपल्टको मितिबाट ज्येष्ठता कायम हुनेगरी बढुवा नियुक्ति दिइनेछ।

तर बढुवा नियुक्ति रोक्का भएको निजामती कर्मचारीले लागेको आरोपबाट सफाइ पाई निलम्बन अवधि समाप्त भएमा निजको बढुवा नियुक्ति रोक्का नभए सरह बढुवा भएको पदको ज्येष्ठता कायम गरिनेछ।

३२. <u>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा</u>: (१) बढुवा समितिले ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार भएका देहायका कर्मचारीमध्ये जेष्ठ कर्मचारीको नाम सिफारिस गर्नेछः-

(क) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पञ्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको,

(ख) दफा २९ बमोजिम बढुवाको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ग) बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा तीस कार्य दिन वा सोभन्दा बढीको सेवाकालीन तालिम लिएको।

(२) उपदफा (१) को प्रयोजनको लागि ज्येष्ठता निर्धारण गर्दा देहायको आधारमा निर्धारण गरिनेछः-

(क) बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा ज्येष्ठता लागू भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम ज्येष्ठता निर्धारण हुन नसकेमा सो पदमा प्रदेश लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

(ग) खण्ड (ख) बमोजिम ज्येष्ठता निर्धारण हुन नसकेमा सोभन्दा तल्लो तहको पदमा ज्येष्ठता लागू भएको मितिको आधारमा,

(घ) खण्ड (ग) बमोजिम समेत ज्येष्ठता निर्धारण हुन नसकेमा वा लोक सेवा आयोगको छुट्टाछुट्टै कार्यालयबाट एकै मितिमा सिफारिस भएका कर्मचारीको हकमा उमेरको ज्येष्ठताको आधारमा।

(३) यस ऐन बमोजिम बढुवा गर्दा यस दफा बमोजिम गरिने बढुवाको कारबाही सम्पन्न गरी सिफारिस गरेपछि कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाको सिफारिस गर्नु पर्नेछ।

३३. <u>कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको आधार:</u> (१) बढुवा समितिले निजामती कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाको लागि सिफारिस गर्नेछ।

(२) निजामती कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एकसय अङ्क दिइनेछः-

| | |
|---|---|
| (क) कार्यसम्पादन मूल्याङ्कन बापत | - चालीस अङ्क |
| (ख) ज्येष्ठता बापत | - तीस अङ्क |
| (ग) शैक्षिक योग्यता बापत | - दश अङ्क |
| (घ) भौगोलिक क्षेत्रमा काम गरेबापत | - अठार अङ्क |
| (ग) सेवाकालीन तालिम बापत | - दुई अङ्क |

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

३४. <u>कार्यसम्पादनको मूल्याङ्कन:</u> (१) निजामती कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः–

| | |
|---|---|
| (क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम | - पच्चीस अङ्क |
| (ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम | - दश अङ्क |
| (ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम | - पाँच अङ्क |

(३) सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले निजामती कर्मचारीको कार्यसम्पादन बापत अङ्क दिंदा यस दफा र कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधार अनुरूप दिनु पर्नेछ।

(४) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन अर्द्धवार्षिक र वार्षिक रूपमा गरिनेछ।

(५) सहायक तहको निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित कार्यालय प्रमुखले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी, गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोक सेवा आयोग, एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ।

(६) अधिकृतस्तरको निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको सचिवले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोक सेवा आयोग र एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा राख्नु पर्नेछ।

(७) उपदफा (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भई आएका कार्यरत कर्मचारीको हकमा थप एक प्रति कार्यसम्पादन मूल्याङ्कन फाराम सङ्घीय निजामती सेवा ऐन बमोजिमको सम्बन्धित बढुवा समितिमा पठाउनु पर्नेछ।

(८) कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रत्येक निकायले तोकिएको अवधिभित्र आफूले मूल्याङ्कन गरेको फाराम पेश गर्नु पर्ने निकायमा पठाएको नामावली सहितको सूचना सात दिनभित्र आफ्नो कार्यालयको सूचना पाटी वा वेबसाइटमा प्रकाशित गर्नु पर्नेछ।

(९) एक वर्षमा एकभन्दा बढी कार्यालयमा कार्यरत कर्मचारीले सरुवा भई रमाना लिई आउँदा तोकिए बमोजिमको ढाँचामा सम्बन्धित सुपरीवेक्षकबाट कार्यसम्पादन मूल्याङ्कन फाराम भराई सो समेत लिई आउनु पर्नेछ।

(१०) प्रत्येक निजामती कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम भरी तोकिएको समयावधिभित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ। त्यस्तो अवधिभित्र दर्ता गर्न नसकी सोको मनासिब कारण सहित म्याद थपको लागि सम्बन्धित कर्मचारीले निवेदन दिएमा र सुपरिवेक्षकले निवेदनमा उल्लिखित कारण मनासिब देखेमा तोकिएको समयावधि समाप्त भएको मितिले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ।

(११) उपदफा (१०) बमोजिम थपिएको म्यादपछि सोही आर्थिक वर्षभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता हुन आएमा दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कन बापत कुल प्राप्ताङ्कबाट पुनरावलोकन समितिले एक अङ्क घटाउनेछ।

(१२) कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समयावधिमा कुनै निजामती कर्मचारी वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा जानु पर्ने अवस्था परेमा त्यसरी जानु भन्दा अगावै कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ। त्यसरी दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई निर्धारित समयमै दर्ता भएको मानी मूल्याङ्कन गर्नु पर्नेछ।

(१३) निजामती कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(१४) प्रत्येक वर्ष पुनरावलोकन समितिबाट कार्यसम्पादन मूल्याङ्कन भइसकेपछि सम्बन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्क निजले निवेदन दिई माग गरेमा पुनरावलोकन समितिको सचिवालयले जानकारी दिनु पर्नेछ।

तर पुनरावलोकन समितिले दिएको अङ्क जानकारी गराइने छैन।

(१५) उपदफा (१४) बमोजिम जानकारी लिएपछि सुपरिवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार र कारण सहित सात दिनभित्र तोकिए बमोजिमको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ। त्यसरी उजुरी गरेकोमा त्यस्तो अधिकारीले उजुरी उपर सम्बन्धित सुपरिवेक्षक र पुरावलोकनकर्तासँग परामर्श गरी आवश्यक छानबिन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्याङ्कन फारामा प्राप्त अङ्क तोकिए बमोजिम संशोधन गर्न सक्नेछ।

(१६) कार्यसम्पादन मूल्याङ्कन बापत सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले पन्चानब्बे प्रतिशतभन्दा बढी वा पचहत्तर प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ र पचहत्तर प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ।

(१७) कार्यसम्पादन मूल्याङ्कनमा पुनरावलोकन समितिलाई सुपरिवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैले गरेको मूल्याङ्कन चित्त नबुझेमा सोको स्पष्ट कारण समेत खुलाई फिर्ता पठाउन सक्नेछ। त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ।

(१८) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको लागि अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

तर,

(क) अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा अध्ययन, तालिम वा निलम्बन अवधिको कार्यसम्पादन मूल्याङ्कन बापत त्यस्तो अध्ययन वा तालिममा जानु वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा अङ्क गणना गरिनेछ।

(ख) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारको हिसाब गरिनेछ र त्यस्तो बिदा अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिने छैन। असाधारण बिदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा असाधारण बिदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षहरूका बढुवाको लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क गणना गरिनेछ।

(१९) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. <u>ज्येष्ठता बापतको अङ्क</u>: निजामती कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क प्रदान गर्दा हाल बहाल रहेको तहमा काम गरे बापत प्रत्येक वर्षको तीन अङ्कको आधारमा बढीमा तीस अङ्क प्रदान गरिनेछ।

तर,

(क) ज्येष्ठता बापत अङ्क गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ।

(ख) यस दफाको प्रयोजनको लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क दिइने छैन।

३६. <u>भौगोलिक क्षेत्रको विभाजन:</u> (१) निजामती कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देहाय बमोजिमको पदमा एक वा एकभन्दा बढी भौगोलिक क्षेत्रको वर्गमा काम गरेको अनुभव बापत अठार अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क ३.२५ का दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क २.५० का दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क १.७५ का दरले,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कुनै कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरिसकेको अङ्क घट्ने छैन।

(३) उपदफा (१) को प्रयोजनको लागि विभिन्न भौगोलिक क्षेत्रको विवरण तोकिए बमोजिम हुनेछ।

(४) कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा दुई सय तेत्तिस दिन रुजु हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन। दुई सय तेत्तिस दिनभन्दा बढी अवधिको लागि दामासाहीको दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा कम अवधिको लागि जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "ग" वर्ग सरहको अङ्क दिइनेछ।

<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनको लागि "रुजु हाजिर" भन्नाले कार्यालयमा हाजिर भएको, कार्यालय रहेको वर्गको भौगोलिक क्षेत्रमा काजमा खटिएको तथा सार्वजनिक बिदा, किरिया बिदा, भैपरि आउने बिदा र पर्व बिदामा बसेको अवधि सम्झनु पर्छ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन तहमा बढुवा हुने हो सो तहभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

(६) अध्ययन बिदा तथा वैदेशिक तालिम काजमा जाने कर्मचारीलाई "ग" वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ।

३७. <u>शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन:</u> (१) निजामती कर्मचारीलाई शैक्षिक योग्यता बापत देहाय बमोजिम अङ्क दिइनेछः-

(क) प्रदेश निजामती सेवाको कुनै पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत एकमुष्ठ सात अङ्क,

(ख) सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि बापत एकमुष्ठ तीन अङ्क,

(ग) सेवा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक उपाधि मात्र पाएको अवस्थामा खण्ड (क) र (ख) बमोजिमको दुवै अङ्क।

(२) सेवाकालीन तालिम बापत प्रथम श्रेणीको लागि दुई अङ्क, द्वितीय श्रेणीको लागि एक दशमलव पचहत्तर अङ्क र तृतीय श्रेणीको लागि एक दशमलव पचास अङ्क प्रदान गरिनेछ।

(३) निजामती कर्मचारीलाई तालिमको अङ्क दिंदा तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिम बापत अङ्क दिइनेछ। तालिमको अङ्क गणना गर्दा जुन तहमा छँदा तालिम लिएको हो सो तहभन्दा एक तह माथिको पदमा बढुवाको लागि मात्र गणना गरिनेछ।

(४) निजामती कर्मचारीले शैक्षिक योग्यता र सेवाकालीन तालिम बापत अङ्क प्राप्त गर्न बढुवाको दरखास्तसाथ प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। त्यस्तो प्रमाणपत्र पेश नगरेमा त्यस बापत अङ्क दिइने छैन।

(५) निजामती कर्मचारीले बढुवा प्रयोजनको लागि दरखास्तसँग पेश गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ। बढुवा प्रयोजनको लागि दरखास्तसँग पेश गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण बढुवा समितिको बैठक बस्नुभन्दा अगाडिको मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यताको अङ्क बढुवाको लागि गणना गरिनेछ।

(६) यस दफाको अधीनमा रही तालिम दिने संस्था र तालिमको स्तर सम्बन्धी व्यवस्था सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयसँग समन्वय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोके बमोजिम हुनेछ।

३८. <u>विद्युतीय माध्यमबाट दरखास्त पेश गर्न सकिने:</u> (१) कुनै निजामती कर्मचारीले सरकारी काम वा अध्ययन वा काजको सिलसिलामा विदेशमा रही वा विपद् वा काबु बाहिरको परिस्थिति परी दरखास्त सङ्कलन गर्ने निकायमा बढुवाको दरखास्त पेश गर्न नसक्ने भएमा बढुवा सूचनाको म्यादभित्र तोकिए बमोजिम विद्युतीय माध्यमबाट आफू कार्यरत कार्यालयमा दरखास्त पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विद्युतीय माध्यमबाट दरखास्त फाराम प्राप्त भएमा सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले त्यस्तो दरखास्त फाराम म्यादभित्र दरखास्त सङ्कलन गर्ने निकायमा पठाउनु पर्नेछ।

३९. <u>बढुवा नियुक्ति र बढुवा मितिः</u> (१) दफा २८ को उपदफा (७) बमोजिम बढुवा नतिजा प्रकाशित भएपछि बढुवा उजुरीको प्रयोजनको लागि सो नतिजा प्रकाशित भएको मितिबाट पन्ध्र दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ। त्यस्तो बढुवा सिफारिस उपर उजुरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले सोह्रौं दिनको मितिबाट बढुवा हुने तहको ज्येष्ठता कायम

हुने गरी नियुक्ति दिनु पर्नेछ।

(२) बढुवा सिफारिस उपर उजुरी परेमा देहाय बमोजिम ज्येष्ठता मिति कायम गरी नियुक्ति दिनु पर्नेछः-

(क) उजुरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक बढुवा नतिजा प्रकाशित भएको मितिले सोह्रौं दिनदेखि,

(ख) दफा ४० को उपदफा (२) बमोजिम बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशित भएको मितिदेखि,

(ग) कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुनः बढुवा समितिबाट बढुवा सम्बन्धी निर्णय भएमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि।

४०. <u>बढुवाको उजुरी</u>ः (१) दफा २८ को उपदफा (७) बमोजिम बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ र त्यसरी परेको उजुरीमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले तीस दिनभित्र टुङ्गो लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नु पर्ने भएमा प्रदेश लोक सेवा आयोगले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी छानविन गर्दा जानीजानी त्रुटिपूर्ण मूल्याङ्कन गरेको देखिएमा प्रदेश लोक सेवा आयोगले मूल्याङ्कनकर्तालाई चेतावनी दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी पछि हुने बढुवामा त्यस्तो उजुरीकर्ताको पहिलो पटकको उजुरी भए दुई अङ्क र दोस्रो पटकको उजुरी भए तीन अङ्क काटिनेछ।

(५) उपदफा (३) र (४) बमोजिम भएको कारबाहीको सूचना सम्बन्धित कर्मचारी लगायत बढुवा समितिको सचिवालय र सम्बन्धित कर्मचारी कार्यरत रहेको कार्यालयमा पठाउनु पर्नेछ।

(६) बढुवाको उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. <u>बढुवा सम्बन्धी विशेष व्यवस्था</u>ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा दश वर्ष वा सोभन्दा बढी अवधि बहाल रहेका अधिकृत दशौं तह वा सोभन्दा मुनिका निजामती कर्मचारीलाई दफा ५५ बमोजिम अवकाश हुने मितिभन्दा एक महिना बाँकी भएमा एक तह माथिको पदमा बढुवा गरिनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा दश वर्षसम्म रही रहेका अधिकृत दशौं तह वा सोभन्दा मुनिका निजामती कर्मचारीले दफा ५९ को उपदफा (१) बमोजिम स्वेच्छिक अवकाश लिन चाही निवेदन दिएमा निजलाई एक तह माथिको पदमा बढुवा गरी अवकाश दिइनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो कर्मचारी अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ।

(४) एउटै पदमा उपदफा (१) बमोजिमको अवधि पूरा भएको कुनै निजामती कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई एक तह माथिको पदको निवृत्तिभरण लगायत अन्य सुविधा प्रदान गरिनेछ।

४२. <u>बढुवाको शर्तमा परिवर्तन</u>ः दफा २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६ र ३७ वा सो अन्तर्गत बनेका नियमहरुमा कुनै संशोधन वा परिवर्तन भएमा त्यस्तो संशोधन वा परिवर्तन भएको मितिले एकवर्ष पछिको मितिदेखि लागू हुनेछ।

४३. <u>सेवा, समूह वा उपसमूह परिवर्तन सम्बन्धी व्यवस्था</u>ः (१) प्रदेश सरकारलाई निजामती सेवाको कुनै सेवा, समूह वा उपसमूहको कुनै तहको कुनै विशेष योग्यता भएको कर्मचारीको आवश्यकता परी सो सेवा, समूह वा उपसमूहभित्रैबाट सरुवा वा बढुवाद्वारा पूर्ति गर्न नसकिने भई निजामती सेवाको अन्य सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पदपूर्ति गर्नु पर्ने भएमा प्रदेश सरकारले सोको माग गरी प्रदेश लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ। सेवा, समूह वा उपसमूह परिवर्तनको लागि प्रदेश लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनमा तोकिएको योग्यता भएका समान तहका निजामती कर्मचारीहरुको बीचमा प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनौट भएका निजामती कर्मचारीको प्रदेश सरकारले सेवा, समूह वा उपसमूह परिवर्तन गर्न सक्नेछ।

तर प्रदेश सरकारको कुनै निकायको निजामती सेवाको कुनै पद आवश्यक नभई दरबन्दी कटौती भएको र सो कटौती भएको सेवा, समूह वा उपसमूह र तहको पद अन्य कुनै पनि निकायमा रिक्त नरहेको तथा एक वर्षसम्म पनि रिक्त हुन नआई त्यस्तो दरबन्दीमा कार्यरत कर्मचारीलाई अर्को सेवा, समूह वा उपसमूह परिवर्तन गर्नु पर्ने भएमा प्रदेश सरकारले प्रदेश लोक सेवा आयोगको परामर्श लिई अन्य सेवा, समूह वा उपसमूहमा समूहीकृत गर्न यो दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवामा बहाल रहेको कुनै कर्मचारीलाई विशेष योग्यता हासिल गर्न अध्ययनमा पठाएकोमा त्यस्तो कर्मचारी अध्ययन पूरा गरी सेवामा हाजिर भएपछि प्रदेश लोक सेवा आयोगको परामर्शमा प्रदेश सरकारले निजको विशेष योग्यतासँग सम्बन्धित सेवाको अन्य समूह वा उपसमूहमा तोकिए बमोजिम परिवर्तन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा व्यवस्था भए बमोजिम बाहेक अन्य प्रक्रियाबाट निजामती कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन हुने छैन।

परिच्छेद-६

## <u>तलब, भत्ता र अन्य सुविधा</u>

४४. <u>तलब, भत्ता</u>ः (१) निजामती कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलब, भत्ता पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीको तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गरिने छैन।

(३) मन्त्रालय, सचिवालय, आयोग र निकाय तथा सुर्खेत जिल्लास्थित कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा प्रदेश कर्मचारी अभिलेखालय र अन्य जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुँदैन।

(४) उपदफा (२) बमोजिम तलबी प्रतिवेदन पास नगरी तलब खुवाएको भएमा त्यसरी तलब खुवाउने पदाधिकारीबाट त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

तर फाजिलमा परेका कर्मचारीलाई तलब खुवाउन यस उपदफाले कुनै बाधा पुऱ्याएको मानिने छैन।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनको लागि "फाजिलमा परेका कर्मचारी" भन्नाले सङ्गठन र दरबन्दी खारेजीमा परी सङ्गठन र दरबन्दी मिलान भई नसकेका कर्मचारी सम्झनु पर्छ।

(५) प्रत्येक निजामती कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि तोकिए बमोजिम एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउनेछ।

(६) कुनै निजामती कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रुपमा जनाई अभिलेख राख्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका र सङ्घीय निजामती सेवाबाट प्रदेशमा खटी आएका कर्मचारीलाई तलब, भत्ता लगायत अन्य सुविधा प्रदेश सरकारले उपलब्ध गराउनेछ। त्यसरी उपलब्ध गराउने तलब, भत्ता लगायत अन्य सुविधा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा भन्दा कम हुने गरी तोकिने छैन।

(८) कुनै निजामती कर्मचारीको तह वृद्धि वा बढुवा गर्दा सम्बन्धित निजामती कर्मचारीले खाइपाई आएको तलबभन्दा घटी हुने भएमा खाइपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

४५. <u>पकाएको तलब भत्ता पाउने</u>ः (१) निजामती कर्मचारीले तलब र भत्ता पाउने भए त्यस्तो तलब र भत्ता समेत प्रत्येक महिना भुक्तान भएपछि पाउनेछ।

(२) कुनै निजामती कर्मचारीले पकाएको तलब र भत्ता पाउने भए त्यस्तो तलब र भत्ता निज जुनसुकै व्यहोराबाट निजामती सेवामा नरहेमा पनि पाउनेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा व्यवस्था भएकोमा बाहेक कुनै निजामती कर्मचारीको तलब वा भत्ता कट्टा गरिने छैन।

(४) कुनै कर्मचारीले पाउने तलब सो कर्मचारी काम गरिरहेको वा बिदामा बसेको बखत रोकिने छैन।

४६. <u>कार्यसम्पादन प्रोत्साहन कोषः</u> (१) प्रदेश सरकारले निजामती कर्मचारीको कार्यसम्पादन, कार्य परिमाण र प्राप्त नतिजाको आधारमा तोकिए बमोजिम प्रोत्साहन गर्न एक कार्य प्रोत्साहन कोषको व्यवस्था गर्न

सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम, त्यसको सञ्चालन, व्यवस्थापन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४७. <u>निलम्बन भएमा पाउने तलब</u>ः (१) कुनै निजामती कर्मचारी सरकारी कामको सिलसिलामा वा प्रदेश सरकारले गरेको कारबाहीको फलस्वरुप वा प्रचलित कानून बमोजिम नेपाल सरकार वादी हुने फौजदारी कसूरमा मुद्दा चली थुनामा रहेको कारण निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउनेछ।

तर निजले सफाइ पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी बाँकी र नपाएको भए पूरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ र कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा मुद्दा दायर भएको कारणले कुनै निजामती कर्मचारी निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसूरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब पाउने छैन।

तर त्यस्तो फैसला उपर पुनरावेदन परी निजामती कर्मचारीले सफाइ पाएमा सो अवधिको पूरा तलब पाउनेछ।

४८. <u>चाडपर्व खर्च तथा अन्य सुविधा</u>ः (१) निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एक पटक चाडपर्व खर्चको रुपमा पाउनेछ। त्यस्तो चाडपर्व खर्च लिंदा कुन चाडपर्वमा लिने हो सो खुलाई कार्यरत कार्यालयमा जानकारी गराउनु पर्नेछ।

(२) निवृत्तिभरण पाउने गरी अवकाश प्राप्त निजामती कर्मचारी वा निजको पारिवारिक निवृत्तिभरण पाउने व्यक्तिले निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम चाडपर्व खर्चको रुपमा पाउनेछ।

(३) निजामती कर्मचारीको न्यूनतम सञ्चित गर्न मिल्ने घर बिदाभन्दा बढी अवधि बिदा बचत भएमा त्यस्तो कर्मचारीले प्रत्येक वर्षको अन्तमा सो बापत निज कार्यरत पदको शुरु तलब स्केल बराबरको रकम पाउनेछ।

(४) निजामती कर्मचारीले पाउने अशक्त वृत्ति, अङ्गभङ्ग भए बापत पाउने सुविधा, शैक्षिक तथा सन्तति वृत्ति, शिशु स्याहार भत्ता वा अन्य सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४९. <u>कर्मचारी सञ्चय कोषमा रकम जम्मा गरिदिने</u>ः निजामती कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिनेछ।

५०. <u>सावधिक जीवन बीमा</u>ः (१) प्रदेश सरकारले निजामती कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बीमाको व्यवस्थापन गर्न एक सावधिक जीवन बीमा कोषको स्थापना गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभांश सहित कर्मचारीलाई बढी सुविधा दिने प्रचलित कानून बमोजिम स्थापित कोष मार्फत सावधिक जीवन बीमाको व्यवस्थापन गर्न सकिनेछ।

(४) सावधिक जीवन बीमा तथा बीमा कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. <u>उपचार खर्चः</u> (१) निजामती कर्मचारीले सेवा अवधिभरमा अधिकृतस्तरको कर्मचारी भए बाह्र महिना बराबरको, सहायकस्तरको पाचौं तहको कर्मचारी वा सो सरहको तलव सुविधा पाउने तहविहीन कर्मचारी भए अठार महिना बराबरको र अन्य सहायकस्तर र श्रेणीविहीन कर्मचारी भए एक्काइस महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्च पाउनेछ।

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट निजामती कर्मचारी सेवाबाट अलग हुँदा सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ठ लिन पाउनेछ।

तर निवृत्तिभरण पाउने गरी सेवाबाट अलग भएको निजामती कर्मचारीले उपचार खर्च बापत लिन बाँकी रकममा बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको निजामती कर्मचारीले क्रमशः दश, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ठ लिन पाउनेछ।

(३) दश वर्ष सेवा अवधि नपुगेको कुनै निजामती कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिंदा तोकिएको रकमलाई दश वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले यो ऐन प्रारम्भ भएपछि प्रदेश निजामती सेवामा प्रवेश गर्ने निजामती कर्मचारीको हकमा यस दफा बमोजिमको उपचार खर्चको सट्टा स्वास्थ्य बिमा कार्यक्रम लागू गर्न सक्नेछ।

(५) कुनै निजामती कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटनामा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो कर्मचारीको सुविधा सम्पन्न अस्पतालमा उपचारको तत्काल व्यवस्था प्रदेश सरकारले मिलाउनेछ र त्यसरी उपचार गर्दा लाग्ने बील बमोजिमको खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

(६) उपचार खर्च सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५२. <u>आवास कर्जा तथा शैक्षिक बिमा सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारले निजामती कर्मचारीलाई आवासको लागि जग्गा खरिद तथा आवास निर्माणका लागि सस्तो ब्याज दरमा ऋण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) यो ऐन प्रारम्भ भए पछि प्रदेश सरकारले निजामती कर्मचारीका बढीमा दुई सन्ततिलाई स्नातक तहसम्म अध्ययन गर्न आवश्यक पर्ने खर्चको निमित्त शैक्षिक बिमा योजना लागू गर्न सक्नेछ।

५३. <u>विशेष आर्थिक सुविधाः</u> कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई एकमुष्ठ

पाँच लाख रुपैयाँ विशेष आर्थिक सुविधाको रुपमा प्रदान गरिनेछ।

५४. <u>तलब तथा सुविधा पुनरावलोकन समिति</u>ः (१) निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार - अध्यक्ष

(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा विषयसँग सम्बन्धित विज्ञ, पदाधिकारी वा आधिकारिक ट्रेड युनियनको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्य सूचीको आधारमा महँगी भत्ता निर्धारण गरी सिफारिस गर्नेछ र सोही आधारमा प्रदेश सरकारले निजामती कर्मचारीलाई महँगी भत्ता उपलब्ध गराउनेछ।

(४) उपदफा (१) बमोजिमको समितिले प्रत्येक दुई वर्षमा आर्थिक वृद्धि दर, कूल दरबन्दी संख्या, प्रदेश सरकारको आर्थिक स्रोत र क्षमता तथा विगतमा मूल्य सूचीको आधारमा प्रदान गरिएको महँगी भत्ता समेतलाई आधार बनाई तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गरी तलब भत्ता वृद्धिको लागि सिफारिस गर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ।

(६) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(७) उपदफा (१) बमोजिमको समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

## परिच्छेद-७

## <u>अवकाश, उपदान र निवृत्तिभरण</u>

५५. <u>अनिवार्य अवकाश</u>ः प्रदेश निजामती सेवाको कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछ।

तर सचिवको हकमा निजको उमेर साठी वर्ष पुग्नुभन्दा अगाडि सचिवको कार्यकालको अवधि सकिएमा स्वतः अनिवार्य अवकाश हुनेछ।

५६. <u>उमेर गणना</u>ः (१) यस ऐन बमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि निजामती कर्मचारीको उमेर गणना गर्दा निजले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखी दिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ।

(२) कुनै निजामती कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष, सम्वत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्ममिति कायम गरिनेछः-

(क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरण (सिटरोल) को हकमा शुरु नियुक्ति भएको मितिको आधारमा।

(३) निजामती कर्मचारीले पेश गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्ममितिको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा जन्ममिति खुलेको प्रमाणपत्रको आधारमा जन्ममिति कायम गरी उमेर गणना गरिनेछ।

(४) उपदफा (३) बमोजिम छुट्टाछुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (२) बमोजिम कायम हुने जन्ममितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्ममिति कायम गरी निजको उमेर गणना गरिनेछ।

५७. <u>अवकाश दिन सक्नेः</u> प्रदेश सरकारले देहायका अवस्थामा कुनै पनि निजामती कर्मचारीलाई यस ऐनको प्रक्रिया पूरा गरी सेवाबाट अवकाश दिन सक्नेछः-

(क) कुनै निजामती कर्मचारीले आफ्नो जिम्मामा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात, लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकायलाई दिएमा वा दिने प्रयास गरेको कुरा प्रमाणित भएमा,

(ख) कुनै निजामती कर्मचारीले राष्ट्रिय हित विपरीत कुनै विदेशी राष्ट्र, संस्था वा नागरिकसँग अवाञ्छित सम्पर्क कायम गरी आफ्नो ओहदाको मर्यादा विपरीत गैरजिम्मेवारीपूर्ण व्यवहार गरेको कुरा प्रमाणित भएमा।

५८. <u>असमर्थ कर्मचारी सम्बन्धी विशेष व्यवस्थाः</u> कुनै निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रुपमा सेवा गर्न असमर्थ छ भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा प्रदेश सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ।

तर प्रदेश सरकारको मेडिकल बोर्ड गठन नभएसम्म नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित गराउनु पर्नेछ।

५९. <u>स्वेच्छिक अवकाशः</u> (१) निवृत्तिभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका निजामती कर्मचारीले प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ। यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीको साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तिभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ।

तर दरबन्दी मिलान हुन नसकी फाजिलमा परेको वा प्रदेश सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीको हकमा छुट्टै शर्त र सुविधा तोकी प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी स्वेच्छिक अवकाशको लागि निवेदन माग गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरण पाउने अवस्था भएको, उमेरको हद पचास वर्ष पुगेको र एउटै तहमा दश वर्ष सेवा अवधि पूरा गरेको निजामती कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई एक तह माथिको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ।

६०. <u>उपदान</u>: पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछः-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्ष भन्दा कम सेवा गरेको निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

<u>स्पष्टीकरण:</u> यस दफा र दफा ६१ को प्रयोजनको लागि "आखिरी तलब" भन्नाले सम्बन्धित निजामती कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै निजामती कर्मचारी असाधारण बिदा वा निलम्बन रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ।

६१. <u>निवृत्तिभरण:</u> (१) बीस वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहाय बमोजिमको मासिक निवृत्तिभरण आजीवन पाउनेछः-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु अङ्कको आधा भन्दा कम र अधिकतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु स्केल भन्दा बढी हुने छैन।

(३) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै निजामती कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्षसम्म अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(४) कुनै सरकारी सेवाको पदमा अघि गरेको सेवा बापत निवृत्तिभरण पाइरहेको व्यक्ति प्रदेश निजामती सेवाको पदमा नियुक्ति भएमा निजले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तिभरण लिन पाउनेछ।

(५) सम्वत् २०४९ साल कार्तिक २१ गतेभन्दा अघिदेखि नेपाल निजामती सेवा वा नेपाल स्वास्थ्य सेवामा बहाल रहेको कर्मचारीले तीस वर्ष सेवा अवधि पूरा गरिसकेको भए स्वेच्छाले सेवाबाट अवकाश लिन सक्नेछ। त्यसरी स्वेच्छाले सेवाबाट अवकाश लिएको कर्मचारीको उमेर साठी वर्ष पूरा हुन जति अवधि बाँकी छ सो अवधि थप गरी निजको जम्मा सेवा अवधि कायम गरिनेछ।

(६) यो ऐन प्रारम्भ भएपछि प्रदेश सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा दुर्घटनामा परी कुनै निजामती कर्मचारीको अंगभंग भएको वा चोट पटक लागेको कारणले शारीरिक वा मानसिक रुपमा सरकारी सेवाको लागि अशक्त भएमा त्यस्तो निजामती कर्मचारीको सेवा अवधि बीस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी उपदफा (१) बमोजिमको निवृत्तिभरणको रकम आजीवन दिइनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीले कुनै सरकारी कोषबाट निजको पति वा पत्निको पारिवारिक निवृत्तिभरण पाइरहेको रहेछ भने त्यस्तो निजामती कर्मचारीले त्यस्तो पारिवारिक निवृत्तिभरण वा यस दफा बमोजिमको निवृत्तिभरण मध्ये जुन लिन चाहन्छ सो एक निवृत्तिभरण मात्र पाउनेछ।

(८) निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६२. <u>निवृत्तिभरणमा वृद्धि</u>: बहालवाला निजामती कर्मचारीको तलव बृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका सेवा निवृत्त निजामती कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिनेछ।

६३. <u>पारिवारिक निवृत्तिभरण र उपदान</u>: (१) कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई वा निजको नाबालक भाई वा अविवाहिता दिदी वा बहिनीलाई दफा ६० वा ६१ मा लेखिए बमोजिमको उपदान वा निवृत्तिभरण प्राप्त हुनेछ।

तर निवृत्तिभरणको हकमा त्यस्तो निवृत्तिभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन र निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएको निजामती कर्मचारीको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तिभरण प्राप्त हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरण पाउने व्यक्ति नाबालक रहेछ भने निज बालिग नभएसम्म त्यस्तो निवृत्तिभरण पाउनेछ।

(३) निजामती कर्मचारीको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपदफा (१) बमोजिम पारिवारिक निवृत्तिभरण पाउने भएमा सो निवृत्तिभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तिभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तिभरण पाउन थालेको सात वर्ष व्यतीत भईसकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तिभरणको आधा रकम पाउनेछ।

तर त्यस्तो विधुर पति वा विधवा पत्नीले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तिभरण सुविधा पाउने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृतक निजामती कर्मचारीको निवृत्तिभरण पाइरहेको निजको विधुर पति वा विधवा पत्नीको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निजामती कर्मचारीको छोराछोरीले अठार वर्ष उमेर पूरा नभएसम्म त्यस्तो निवृत्तिभरण रकम तोकिए बमोजिम पाउनेछ।

(५) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम उपदफा (१), (२) र (३) बमोजिम पारिवारिक निवृत्तिभरण पाइहेको व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तिभरण रकममा पनि थप गरिनेछ।

(६) कुनै निजामती कर्मचारीको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारको सदस्यहरुमध्ये यस ऐन बमोजिम निजको निवृत्तिभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(७) निवृत्तिभरण वा उपदान दिँदा मृतक निजामती कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित दाजु, भाई, दिदी, बहिनि कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि ईच्छाएको नभएमा क्रमशः त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोराछोरी, बाबुआमा, बाजेबज्यै, सासु ससुरा र तोकिए बमोजिमका अन्य हकवालालाई दिइनेछ।

(८) पारिवारिक निवृत्तिभरण र उपदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६४. <u>सुविधा दाबी गर्नु पर्नेः</u> (१) सेवा निवृत्त हुने निजामती कर्मचारी वा निजको परिवारको सदस्यले यस ऐन बमोजिम पाउने निवृत्तिभरण, उपदान लगायतका सुविधा लिन सम्बन्धित कार्यालय मार्फत प्रदेश कर्मचारी अभिलेखालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको एक महिनाभित्र प्रदेश कर्मचारी अभिलेखालयले सुविधा निर्धारण गरी निवृत्तिभरण व्यवस्थापन गर्ने कार्यालयमा पठाउनु पर्नेछ र निवृत्तिभरण व्यवस्थापन गर्ने कार्यालयले निवृत्तिभरण उपलब्ध गराउने व्यवस्था मिलाई दिनु पर्नेछ।

६५. <u>बेपत्ता भएको कर्मचारीको निवृत्तिभरण र उपदानः</u> (१) प्रदेश निजामती सेवामा रही काम गरेको कुनै कर्मचारी हराई बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ६० वा ६१ बमोजिम पाउने उपदान वा निवृत्तिभरणको रकम दफा ६३ बमोजिम निजको हकवालालाई दिइनेछ।

(२) बेपत्ता भएको कर्मचारी पछि फेला परेमा दफा ६० बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ६१ बमोजिम पाउने निवृत्तिभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई दिइनेछ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिइसकेको पारिवारिक निवृत्तिभरण वा उपदान रकममा पछि निजले दाबी गर्न पाउने छैन।

६६. **<u>पारिवारिक निवृत्तिभरण सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि प्रदेश सरकारले खटाएको कार्य सम्पादन गर्ने सिलसिलामा दुर्घटनामा परी कुनै निजामती कर्मचारीको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बीस वर्ष पुगेको भएमा सेवा अवधिको आधारमा र बीस वर्ष नपुगेको भएमा बाँकी अवधि थप गरी निजको पति वा पत्निलाई दफा ६१ बमोजिमको निवृत्तिभरणको रकम आजीवन दिइनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तिभरण प्राप्त गर्ने व्यक्तिले दफा ६३ बमोजिम पारिवारिक निवृत्तिभरण वा उपदान पाउने छैन।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति वा पत्नी नभएमा वा पति वा पत्नी भएपनि निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो निजामती कर्मचारीको नाबालक छोरा छोरी रहेछन भने ती नाबालक छोरा छोरीले अठार वर्ष उमेर पूरा नभएसम्म त्यस्तो निवृत्तिभरण रकम तोकिए बमोजिम पाउनेछ।

(४) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति, पत्नी वा नाबालक छोरा छोरी रहेनछन र त्यस्तो निजामती कर्मचारीको आश्रित आमा बाबु दुवै वा तीमध्ये कुनै एक रहेछन् भने निजहरुको गुजाराको निमित्त उपदफा (१) बमोजिम हुने रकमको दुई तिहाईमा नबढ्ने गरी निवृत्तिभरण बापत रकम दिइनेछ।

(५) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम यस दफा अनुसार निवृत्तिभरण पाइरहेका व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तिभरण रकममा पनि थप गरिनेछ।

(६) यस दफा बमोजिम निवृत्तिभरण पाइरहेको व्यक्तिको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तिभरणको रकम मृतक कर्मचारीको नाबालक छोरा छोरी भए त्यस्ता छोरा छोरीले अठार वर्ष उमेर पूरा नभएसम्म तोकिए बमोजिम पाउनेछन्।

६७. **<u>निवृत्तिभरण नपाउनेः</u>** (१) यस ऐन बमोजिम निवृत्तिभरण वा पारिवारिक निवृत्तिभरण पाइरहेको व्यक्तिले देहायको अवस्थामा त्यस्तो निवृत्तिभरण पाउने छैनः-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धिकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन तथा ओसारपसार, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ख) प्रचलित कानून बमोजिम राज्य विरुद्धको कसूर मानिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेमा।

(२) उपदफा (१) विपरीत कुनै कर्मचारीले सुविधा लिएको पाइएमा त्यसरी लिएको निवृत्तभरण वा सुविधा रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

६८. <u>योगदानमा आधारित निवृत्तिभरण</u>ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भएको अवधि पछि नियुक्ति हुने निजामती कर्मचारीले योगदानमा आधारित निवृत्तिभरण पाउनेछ। त्यस्तो निजामती कर्मचारीले दफा ६०, ६१, ६२, ६३, ६४, ६५ र ६६ बमोजिमको सुविधा पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघिदेखि निजामती सेवामा बहाल रहेको वा समायोजन ऐन बमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवामा समायोजन भएको कर्मचारीको हकमा र त्यस्तो कर्मचारी खुला प्रतियोगितामा छनौट भई वा बढुवा भई प्रदेश निजामती सेवामा निरन्तर सेवामा रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन।

६९. <u>निवृत्तिभरण कोषः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती सेवामा कर्मचारीलाई निवृत्तिभरण वा उपदान दिने प्रयोजनको लागि प्रदेश सरकारले छुट्टै एक निवृत्तिभरण कोषको स्थापना गर्नेछ र सो कोषमा प्रत्येक निजामती कर्मचारीको छुट्टाछुट्टै व्यक्तिगत खाता रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा निजामती कर्मचारीको मासिक तलबबाट छ प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सोही बराबरको रकम थप गरी निजामती कर्मचारीलाई तलब भुक्तानी गरेको सात दिनभित्र जम्मा गर्नु पर्नेछ।

(३) प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उपदफा (२) बमोजिम निजामती कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको रकम र सोको ब्याज समेत जोडी त्यसको विवरण अद्यावधिक गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको खातामा जम्मा भएको रकमको विवरण सरल र सहज किसिमले हेर्न वा त्यस्तो विवरणको प्रति चाहेको बखत सम्बन्धित निजामती कर्मचारीले प्राप्त गर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारी बेतलबी वा असाधारण बिदामा रहेको वा निलम्बन भएकोमा त्यस्तो बिदामा रहेको वा निलम्बन भएको अवधिभर निवृत्तिभरण कोषमा रकम जम्मा गरिने छैन।

तर त्यस्तो निजामती कर्मचारीलाई लगाइएको अभियोग प्रमाणित नभई निलम्बन फुकुवा भएमा निजले निलम्बन अवधिमा पाउने तलब बापतको रकमबाट उपदफा (२) बमोजिम एकमुष्ट रुपमा कट्टा गरी जम्मा गर्नु पर्नेछ।

७०. <u>सेवाबाट अलग भएमा रकम पाउनेः</u> (१) कुनै निजामती कर्मचारी जुनसुकै कारणवश सेवामा नरहेमा दफा ६९ को उपदफा (२) बमोजिम निजको व्यक्तिगत खातामा जम्मा भएको रकम, ब्याज र मुनाफा समेत निजले एकमुष्ट रुपमा पाउनेछ।

(२) कुनै निजामती कर्मचारीको मृत्यु भएमा उपदफा (१) बमोजिमको रकम, सोको ब्याज तथा मुनाफा समेत निजले इच्छाएको व्यक्तिले एकमुष्ठ रुपमा पाउनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत्यु भएको निजामती कर्मचारीले कसैलाई नइच्छाएको वा इच्छाएको व्यक्तिको समेत मृत्यु भइसकेको अवस्थामा त्यस्तो निजामती कर्मचारीलाई हेरचाह गरेको निजको हकवाला वा त्यस्तो हकवाला पनि नभए प्रचलित कानून बमोजिमको हकवालाले त्यस्तो रकम पाउनेछ।

७१. **तलबबाट कट्टी भएको रकम र सोको ब्याज मात्र पाउने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी प्रदेश निजामती सेवाबाट बर्खास्त भएमा निजको मासिक तलबबाट कट्टी भएको रकम र त्यस्तो रकमबाट प्राप्त गरेको ब्याज मात्र निजले फिर्ता पाउनेछ।

## परिच्छेद-८

## तालिम, अध्ययन र छात्रवृत्ति

७२. **तालिम सम्बन्धी व्यवस्था:** (१) प्रदेश सरकारले निजामती कर्मचारीको सीप र क्षमता वृद्धिको लागि आवश्यकता अनुसार तालिम दिने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालय प्रमुख वा विभागीय प्रमुखले प्रत्येक आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र आफ्नो मातहतका कर्मचारीको तालिम आवश्यकता पहिचान गरी त्यस्तो तालिम उपलब्ध गराउन आवश्यक पहल गर्नु पर्नेछ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७३. **तालिम, अध्ययन वा अध्ययन भ्रमण:** (१) प्रदेश सरकारको मन्त्रालय, आयोग, सचिवालय वा निकायले आफ्नो मातहतका कर्मचारीलाई तालिम, अध्ययन वा अध्ययन भ्रमणमा पठाउनको लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(क) "तालिम" भन्नाले अध्ययन वा छात्रवृत्ति बाहेक कुनै निकाय वा संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधि तोकी सञ्चालन हुने सीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ।

(ख) "अध्ययन" भन्नाले सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कुनै शैक्षिक उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययन सम्झनु पर्छ।

(ग) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालिम बाहेक बढीमा छ हप्ताको गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्तिको लागि विषयगत आधारमा संख्या किटान गरी त्यसको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपदफा (३) बमोजिमको समितिमा पेश गर्नु पर्नेछ।

(३) प्रदेश सरकारको जुनसुकै निकायमा प्राप्त भएका तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्तिको बाँडफाँट गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार - अध्यक्ष

(ख) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव, प्रदेश योजना आयोग - सदस्य

(ङ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको समितिले मापदण्ड बनाई सो बमोजिम तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्नेछ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्य हेरी उपदफा (४) बमोजिम वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्दा सबै सेवा, समूह वा उपसमूहका निजामती कर्मचारी तथा प्रदेश अन्य सरकारी सेवाका कर्मचारीलाई न्यायोचित तवरले बाँडफाँट गर्नु पर्नेछ।

(६) उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई वैदेशिक तालिम, अध्ययन र अध्ययन भ्रमणमा पठाउन पाइने छैन। कसैले समितिको स्वीकृति नलिई कुनै निजामती कर्मचारीलाई मनोनयन गरेमा मनोनयन गर्ने अधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको समितिबाट भएको निर्णय बमोजिम दरखास्त दिई अध्ययनको अवसर पाएका र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट छनौट भई अध्ययन गर्न जाने बाहेक निजी प्रयासमा अध्ययन गर्न जाने निजामती कर्मचारीलाई अध्ययन बिदा दिइने छैन।

७४. <u>तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नु पर्ने अवधि</u>ः प्रदेश सरकारको मनोनयनमा तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि त्यस्तो अवधिको दोब्बर अवधि अनिवार्य रुपले सेवा गर्नु पर्नेछ।

७५. <u>कबुलियत गर्नु पर्ने</u>ः (१) कुनै पनि निजामती कर्मचारीले सरकारी मनोनयनमा तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जानु अघि दफा ७४ बमोजिमको सेवा गर्ने गरी तोकिए बमोजिम कबुलियत गर्नु पर्नेछ।

(२) तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको निजामती कर्मचारीले उपदफा (१) बमोजिमको न्यूनतम सेवा अवधि पूरा नगरी निजलाई अर्को पटक तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणको लागि मनोनयन गरिने छैन।

(३) उपदफा (१) बमोजिमको कबुलियत अनुसार सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाँदा कबुलियत गरेको अवधिको आखिरी तलब तथा भत्ता रकमको दोब्बर रकम बुझाउनु पर्नेछ। तोकिएको समयमा रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्सक लगायत प्राविधिक विशेषज्ञता हासिल गर्ने विषयको लामो अवधिको अध्ययन पूरा गरी सेवा गरिरहेकाको हकमा त्यस्ता कर्मचारीले पहिलो अध्ययनबाट फर्की कम्तीमा दुई वर्ष सेवा गरेपछि नोकरी अवधिमा पाउने कुल अध्ययन बिदा अवधिमा नबढ्ने गरी अर्को पटक अध्ययनको लागि मनोनयन गर्न कुनै बाधा पर्ने छैन।

(५) अख्तियारवालाको पूर्व स्वीकृति नलिई निजी प्रयासमा बेतलवी अध्ययन बिदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन बिदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नु पर्नेछ।

(६) यस ऐन बमोजिम अध्ययन, तालिम वा अध्ययन भ्रमणमा जाने कर्मचारीले त्यस्तो कार्यक्रमको प्रत्येक वर्ष वा सेमेष्टरको नतिजा वा प्रगति विवरण प्रकाशित भएको तीस दिनभित्र पदाधिकार रहेको निकाय, प्रदेश कर्मचारी अभिलेखालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

(७) उपदफा (१) र (५) बमोजिम तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियत बमोजिमको सेवा अवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएको कर्मचारी दफा ५५ बमोजिम अनिवार्य अवकाश भएको वा मृत्यु भएको कारणले दफा ७४ बमोजिमको सेवा अवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असूल उपर गरिने छैन।

(९) तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्नेछ।

## परिच्छेद-९
## आचरण

७६. **समय पालना र नियमितता**: निजामती कर्मचारीले प्रदेश सरकारबाट निर्धारित समयमा नियमित रुपले कार्यालयमा उपस्थित रही तोकिएको कार्य गर्नु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा खटाइएको काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन।

७७. **अनुशासन र आज्ञापालन**: (१) निजामती कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारीता र तत्परताको साथ पालना गर्नु पर्नेछ।

(२) निजामती कर्मचारीले सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेश वा निर्देशनलाई शीघ्रताका साथ पूरा गर्नु पर्नेछ।

(३) निजामती कर्मचारीले आफूभन्दा माथिका सबै कर्मचारीप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका कर्मचारीप्रति उचित व्यवहार गर्नु पर्नेछ।

७८. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु नहुने**: कुनै पनि निजामती कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा

स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारी वा पदाधिकारी माथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

७९. <u>राजनीतिक क्रियालापमा संलग्न हुन नपाउने</u>: निजामती कर्मचारीले राजनीतिक दल वा संगठनको सदस्यता लिन, राजनीतिक क्रियालापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिन हुँदैन।

८०. <u>सरकारको आलोचना गर्न नहुने</u>: (१) प्रदेश सरकारको नीतिको विपरीत हुने गरी वा प्रदेश सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै निजामती कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन लगायतका माध्यमद्वारा मन्तव्य प्रसारण गर्न, कुनै सार्वजनिक मन्तव्य दिन, कुनै वक्तव्य प्रकाशन, विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा प्रतिक्रिया व्यक्त गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र प्रदेश सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

८१. <u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्न प्रतिबन्ध</u>: (१) कुनै निजामती कर्मचारीले अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन। यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू रहनेछ।

(२) उपदफा (१) विपरीत सरकारी सेवाबाट अवकाश पाएको व्यक्तिले सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गरेमा निजले यो ऐन बमोजिम पाउने सेवा सुविधा तोकिए बमोजिम रोक्का गर्न सकिनेछ।

८२. <u>दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध</u>: (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै निजामती कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्ने वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन।

(२) निजामती कर्मचारीलाई कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

तर कुनै द्विपक्षीय वा बहुपक्षीय वा अन्तर्राष्ट्रिय संस्था वा अन्य कुनै सरकारी निकायबाट कुनै कार्यक्रमको अन्त्यमा औपचारिक रुपमा प्रदान गरिने मायाको चिनो स्वीकार गर्न बाधा पर्ने छैन।

८३. <u>कम्पनी स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुने</u>: निजामती कर्मचारीले प्रदेश सरकारको स्वीकृति विना कुनै बैंक, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्नु हुँदैन।

८४. **अन्यत्र नोकरी वा सेवा गर्न नहुने**: (१) निजामती कर्मचारीले अख्तियारवालाको पूर्व स्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी गर्नु वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीले प्रदेश सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, साँस्कृतिक, मानवकल्याण, परोपकार वा खेलकुद, स्वास्थ्य प्रवर्द्धनका लागि प्रवचन वा प्रशिक्षण सम्बन्धी कार्य गर्न सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैनः-

(क) प्रचलित कानून बमोजिम अध्ययन बिदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ख) अख्तियारवालाको स्वीकृति लिई प्रदेश सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेश स्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ग) अख्तियारवालाको पूर्व स्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(घ) प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धान मूलक संघ संस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघ संस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहको लागि उपयोगी हुने देखी अख्तियारवालाले बिदा स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(च) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र प्रदेश सरकारको अहित नहुने गरी आफ्नो गैह्रराजनीतिक पेशागत संगठन वा अन्य कुनै सामाजिक संस्थामा आवद्ध हुन,

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परादेखि समुदायमा आधारित भई समाजमा क्रियाशील रहेका सामाजिक संघ, संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, संगीत, विज्ञान, धर्म वा अन्य यस्तै कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ।

(छ) कर्मचारीको योगदानमा आधारित सरकारी आयोजना तथा कार्यक्रममा लगानी गर्न।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको कर्मचारीले त्यसपछि एक वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन।

(५) प्रदेश निजामती सेवाको अधिकृत एघारौं तह वा सो सरहको पदबाट सेवा निवृत्त भएको व्यक्तिले प्रदेश सरकारको पूर्व स्वीकृति विना सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुँदैनः-

(क) संवैधानिक, कुटनीतिक नियुक्ति वा कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,

(ख) दातृ निकायबाट सञ्चालित आयोजनामा परामर्शदाताको रुपमा काम गर्न,

(ग) अध्यापन वा प्रशिक्षण जस्ता स्वतन्त्र प्राज्ञिक काम बाहेक नेपाल स्थित कुटनीतिक नियोग, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र गैरसरकारी तथा निजी संघ संस्थामा कर्मचारी, परामर्शदाता वा अन्य कुनै हैसियतमा काम गर्न।

(६) उपदफा (५) विपरीतको काम गर्ने व्यक्तिले त्यस्तो काम गरेको अवधिभर यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको सेवा सुविधा लिन पाउने छैन।

८५. <u>निर्वाचनमा भाग लिन नहुने</u>ः निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार-प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

८६. <u>प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध</u>ः (१) निजामती कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, सरकारको विरुद्धमा दवाव सिर्जना गर्ने उद्देश्यले अनसनमा बस्न वा अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

(२) यस दफा विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी, सामुदायिक वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुऱ्याएमा त्यस्तो निजामती कर्मचारीलाई विभागीय कारबाही गरी त्यस्तो क्षति पूर्ति समेत भराइनेछ।

८७. <u>प्रतिनिधित्व गर्न नहुनेः</u> निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

८८. <u>यौनजन्य दुर्व्यवहार गर्न नहुने</u>ः कुनै निजामती कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

८९. <u>यातना दिन नहुने</u>ः निजामती कर्मचारीले कसैलाई पनि यातना दिनु हुँदैन।

९०. <u>सम्पत्ति विवरण पेश गर्नु पर्ने</u>ः (१) निजामती कर्मचारीले प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र

आफ्नो सम्पत्तिको विवरण प्रदेश कर्मचारी अभिलेखालयमा पेश गर्नु पर्नेछ।

तर प्रदेश कर्मचारी अभिलेखालय स्थापना नहुञ्जेलसम्म राष्ट्रिय किताबखानामा सम्पत्ति विवरण पेश गर्नु पर्नेछ।

(२) सम्पत्ति विवरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९१. स्थायी आवासीय अनुमति लिन नहुनेः (१) निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन।

(२) कुनै निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले साठी दिनभित्र सम्बन्धित निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेश गर्नु पर्नेछ।

९२. आचरण पालना गराउनेः (१) विभागीय प्रमुख र कार्यालय प्रमुखले आफू र आफ्नो मातहतका निजामती कर्मचारीलाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको आचरणको पालना गर्नु, गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आचरण पालना गर्नु पर्ने निजामती कर्मचारीले त्यस्तो आचरण उल्लङ्घन गरेमा अख्तियारवालाले समयमै विभागीय कारबाही गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कार्य गरे वा नगरेको विषय समेत विभागीय प्रमुख र कार्यालय प्रमुखको कार्यसम्पादन मूल्याङ्कनको आधार हुनेछ।

९३. चेतावनी दिन सक्नेः कुनै निजामती कर्मचारीले देहायको कुनै काम गरेमा सुपरीवेक्षकले कारण खोली लिखित रुपमा चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राख्नु पर्नेछः-

(क) समय पालना नगरेमा,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको कर्मचारीले दिएको आदेश पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा र पद अनुसार आईपर्ने जिम्मेवारलाई मर्यादापूर्वक बहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितो रुपमा कार्य सम्पादन नगरेमा,

(घ) कार्यालय सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा, वा

(ङ) सेवाग्राहीलाई शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा।

## परिच्छेद-१०

## सेवाको सुरक्षा

९४. निजामती कर्मचारीको सेवाको सुरक्षाः देहायका अवस्थामा बाहेक कुनै पनि निजामती कर्मचारीलाई सफाइको मनासिब मौका नदिई प्रदेश निजामती सेवाबाट हटाइने वा बरखास्त गरिने छैनः-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासुसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धिकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन तथा ओसारपसार, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ख) सरकार वादी हुने फौजदारी कसूरमा एक वर्ष वा सो भन्दा बढी अवधि कैदमा नै बस्नु पर्ने ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ग) भागी, हराई वा बेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको,

(घ) म्यादी पदमा बहाल रहेको।

९५. <u>निजामती कर्मचारीको बचाउ</u>ः (१) निजामती कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालन सम्झी गरेको कुनै सरकारी कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिम कुनै निजामती कर्मचारी उपर मुद्दा चलाउनका लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त भएको हुनु पर्नेछ र देवानी मुद्दाको हकमा देहाय बमोजिम भएको हुनु पर्नेछः-

(क) मुद्दा चलाउने कारण तथा वादीको र निजको वारेस भएमा त्यस्तो वारेसको नाम र ठेगाना खोली लिखित सूचना अख्तियारवालालाई वा सम्बन्धित निजामती कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्ट्ररी गरी पठाएको र त्यसको एकप्रति नक्कल प्रदेश सरकारमा पेश भएको दुई महिना नाघेको,

(ख) मुद्दा चलाउने कारण भएको आठ महिनाभित्र मुद्दा दायर गरिसकेको।

(३) कुनै निजामती कर्मचारी बहाल छँदा आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन प्रदेश सरकारले स्वीकृति दिएमा निजको प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

९६. <u>निजामती कर्मचारीको सेवा शर्तको सुरक्षा</u>ः कुनै निजामती कर्मचारी नियुक्ति हुँदाका बखत तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन। त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको कुनै प्रदेश निजामती कर्मचारीको उल्लिखित सेवाका शर्तहरुमा प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन।

परिच्छेद-११

## विभागीय सजाय र पुनरावेदन

९७. **विभागीय सजाय**ः उचित र पर्याप्त कारण भएमा निजामती कर्मचारीलाई सजाय दिने अधिकारीले देहाय बमोजिमको विभागीय सजाय गर्न सक्नेछः-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) दुई वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा दुई तलब वृद्धि रोक्का गर्ने,

(३) दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने।

(ख) विशेष सजायः

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्ने।

९८. **नसिहत दिने वा बढीमा दुई तलब वृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने**ः देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई नसिहत दिने वा बढीमा दुई तलब वृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म बढुवा रोक्का गर्न सकिनेछः-

(क) निजले सम्पादन गरेको काम सन्तोषजनक नभएमा,

(ख) प्रचलित कानून बमोजिम बरबुझारथ नगरेमा,

(ग) दफा ९३ बमोजिम एक वर्षमा दुई पटकसम्म लिखित चेतावनी पाएमा,

(घ) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ङ) सेवाग्राहीको पीरमर्का र उजुरी पटक-पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(च) कार्य विवरण लागू गर्ने, गराउने दायित्व भएको पदाधिकारीले सो कार्य नगरेमा।

९९. **दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धि रोक्का गर्ने**ः देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई बढीमा दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने सजाय गर्न सकिनेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा उल्लिखित आचरण सम्बन्धी कुराहरु उल्लङ्घन गरेमा,

(ग) प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट नगरेमा,

(घ) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(ङ) पूर्व स्वीकृति नलिई बराबर कार्यालयमा अनुपस्थित रहेमा,

(च) दफा ८४ को उपदफा (२) को अवस्थामा बाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्ने वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गरेमा।

१००. <u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने</u>: (१) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) निजामती कर्मचारीले अयोग्यताको कारणले आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) आचरण सम्बन्धी कुरा बारम्बार उल्लङ्घन गरेमा,

(ग) कार्यालय समयमा बारम्बार मादक पदार्थको सेवन गरेमा,

(घ) बारम्बार अनुशासनहीन कार्य गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

(च) आफ्नो पदको जिम्मेवारीको बराबर बेवास्ता गरेमा,

(छ) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(ज) मनासिब कारण भई बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा।

(२) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्धमा जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धिकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन तथा ओसारपसार, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएमा,

(ग) प्रदेश निजामती सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा।

१०१. <u>हाजिरी र गयल कट्टी सम्बन्धी व्यवस्था</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित हुने निजामती कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल र तलब कट्टी गर्न सक्नेछ। त्यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १०० को उपदफा (१) को खण्ड (छ) विपरीत बिदा स्वीकृत नगराई अनुपस्थित हुने वा हाजिर नहुने निजामती कर्मचारीलाई हाजिर

गराइने छैन र सो अवधि पछि प्राप्त निवेदनका आधारमा कुनै पनि प्रकारको बिदा समेत स्वीकृत गरिने छैन।

(३) कसैले उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई हाजिर गराएमा वा दफा १०० को उपदफा (१) को खण्ड (छ) बमोजिमको अवधि समाप्त भएपछि प्राप्त निवेदन बमोजिम बिदा स्वीकृत गरेमा त्यस्तो हाजिरी वा बिदालाई मान्यता दिइने छैन र त्यसरी हाजिर गराउने वा बिदा स्वीकृत गर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(४) दफा १०० को उपदफा (१) को खण्ड (छ) को आधारमा सजायको निर्णय गर्दा सो बमोजिमको अवधि पूरा भएको भोलिपल्ट देखि लागू हुने गरी निर्णय गर्नु पर्नेछ र त्यसरी अनुपस्थित रहेको अवधि गयल कट्टी गरिनेछ।

(५) उपदफा (१) बमोजिमको गयल र तलब कट्टीको विवरण सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकाय र प्रदेश कर्मचारी अभिलेखालयमा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिमको कारबाही त्यस्तो जानकारी पाएको पन्ध्र दिनभित्र सुरु गरी बढीमा छ महिनाभित्र टुङ्ग्याई सक्नु पर्नेछ।

१०२. <u>विभागीय सजाय दिने अधिकारी</u>ः (१) निजामती कर्मचारीलाई दफा ९७ को खण्ड (ख) बमोजिमको विशेष सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) अधिकृतस्तर एघारौं तह वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई प्रदेश सरकार,

(ख) अधिकृतस्तर छैटौं, सातौं, आठौं, नवौं र दशौं तह वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई प्रदेश सरकारको प्रमुख सचिव,

(ग) तह विहीन र सहायकस्तर चौंथो र पाँचौ तह वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई विभागीय प्रमुख वा निज कार्यरत कार्यालयको अधिकृतस्तर सातौं वा सो भन्दा माथिल्लो तहको कार्यालय प्रमुख।

(२) दफा ९७ को खण्ड (क) बमोजिमको सामान्य सजायको आदेश दिन पाउने अधिकारी तोकिए बमोजिम हुनेछ।

१०३. <u>निलम्बन गर्ने</u>ः (१) कुनै निजामती कर्मचारीको सम्बन्धमा दफा १०० मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ।

तर देहायको अवस्था नभई साधारणतयाः निलम्बन गरिने छैनः-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिदा झुट्टा सबुत प्रमाण संकलन गर्न सक्ने वा आफू विरुद्धको सबुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा,

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिदा सरकारी हानी नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) सरकारी कामको सिलसिलामा गरेको कामको सम्बन्धमा अदालतमा सरकारवादी भई मुद्दा दायर भएमा।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कुनै निजामती कर्मचारीलाई निलम्बन गर्दा साधारणतयाः साठी दिनभन्दा बढी गरिने छैन र सो अवधिभित्रै कर्मचारी उपरको कारबाही किनारा लगाउनु पर्नेछ। कुनै असाधारण अवस्था परी त्यस्तो अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ।

(३) कुनै फौजदारी अभियोगमा न्यायिक हिरासतमा रहेको निजामती कर्मचारी त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

(४) कुनै निजामती कर्मचारीका विरुद्ध भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्धमा जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धिकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन तथा ओसारपसार, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा मुद्दा दायर भएमा त्यस्तो कर्मचारी स्वतः निलम्बन भएको मानिनेछ।

१०४. <u>निलम्बनको समाप्तिः</u> कुनै निजामती कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा वा दफा १०३ को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा वा निलम्बन फुकुवा भएमा वा सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाइ पाएमा सफाइ पाएको मितिदेखि निजको निलम्बन समाप्त हुनेछ।

१०५. <u>सफाइ पेश गर्ने मौका दिनु पर्नेः</u> (१) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले कुनै निजामती कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी सो कर्मचारीलाई कम्तीमा सात दिनको म्याद दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रुपले किटीएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित निजामती कर्मचारीले म्यादभित्र आफ्नो सफाइ पेश गर्नु पर्नेछ र त्यसरी पेश हुन आएको सफाइलाई सम्बन्धित अधिकारीले गम्भीरतापूर्वक लिनु पर्नेछ।

(४) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्ने अधिकृतले तोकिएको कार्यविधिको पालना गर्नु पर्नेछ।

१०६. <u>विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नु पर्नेः</u> विशेष सजायको आदेश दिनुभन्दा पहिले दफा १०५ बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सम्बन्धित निजामती कर्मचारीले सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले त्यस्तो निजामती कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

१०७. **<u>प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने</u>**ः (१) विभागीय सजायको कारबाहीको सिलसिलामा सम्बन्धित निजामती कर्मचारीले दफा १०५ बमोजिम दिएको सफाई वा दफा १०६ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाई वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नु पर्ने देखिएमा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले सो निजामती कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श माग भई आएमा प्रदेश लोक सेवा आयोगले एक महिनाभित्र आवश्यक परामर्श उपलब्ध गराउनु पर्नेछ।

१०८. **<u>सजाय सम्बन्धी निर्णय गर्ने</u>**ः (१) दफा १०७ बमोजिम प्रदेश लोक सेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध सबुत प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयको जानकारी यथाशीघ्र सम्बन्धित कर्मचारी र कार्यालयलाई दिनु पर्नेछ।

१०९. **<u>जानकारी दिन सकिने</u>**ः (१) दफा ९१ विपरीत कुनै निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित निजामती कर्मचारी कार्यरत कार्यालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो कर्मचारीको सम्बन्धमा छानबिन गर्न विभागीय सजाय दिन पाउने अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजाय दिन पाउने अधिकारीले त्यस्तो निजामती कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजाय दिन पाउने अधिकारीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(६) यस दफा बमोजिम छानबिन र कारबाही गर्दा कुनै निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको देखिएमा विभागीय सजाय दिन पाउने अधिकारीले

निजलाई तीन महिनाभित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी यस ऐन बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

११०. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिम भएको सरुवा, बढुवा र विभागीय सजायमा चित्त नबुझ्ने सम्बन्धित निजामती कर्मचारीले प्रशासकीय अदालत ऐन, २०७६ बमोजिम गठित प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ।

१११. **निर्णयमा असर नपर्नेः** कुनै निजामती कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम अख्तियार प्राप्त अधिकारीले गरेको कारबाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटीबाट निर्णयमा असर पर्ने छैन।

११२. **सजायको अभिलेखः** (१) कुनै निजामती कर्मचारी उपर विभागीय सजाय गरिएमा सम्बन्धित कार्यालयले सोको अभिलेख राखी आफ्नो तालुक विभाग वा निकाय, सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय र प्रदेश कर्मचारी अभिलेखालयमा पठाउनु पर्नेछ।

(२) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले आफूले सञ्चालन गर्ने सेवा, समूह र उपसमूहका प्रत्येक निजामती कर्मचारीको विभागीय सजायको अभिलेख राख्नु पर्नेछ।

११३. **सेवा अवधिको गणनाः** समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारीको समायोजन हुनु पूर्वको सम्बन्धित श्रेणी वा तह र पदको सेवा अवधि निवृत्तिभरण, उपदान, बढुवा, स्तर वृद्धि र ज्येष्ठता निर्धारण गर्ने प्रयोजनको लागि गणना गरिनेछ।

११४. **सेवा अवधि जोडिनेः** सङ्घीय निजामती सेवा, अन्य प्रदेशको निजामती सेवा वा जुनसुकै स्थानीय तहमा स्थायी नियुक्त भएको कर्मचारी प्रदेश लोकसेवा आयोगको पदपूर्ति प्रक्रियाद्धारा प्रदेशको कुनै निकायमा नियुक्ति वा पदस्थापन भई साविकको निकायबाट रमाना लिई आएमा निजले सो पदमा बहाल हुनुपूर्व गरेको सेवा अवधि निवृत्तिभरण, उपदान र बढुवाको ज्येष्ठता निर्धारण गर्ने प्रयोजनको लागि गणना गरिनेछ।

११५. **यस ऐन बमोजिम सुविधा नपाउनेः** (१) प्रदेशभित्र समायोजन भएका वा सङ्घीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगको सिफारिसमा पदपूर्ति भएकोमा बाहेक सङ्घ, अन्य प्रदेश वा जुनसुकै स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीले यो ऐन बमोजिम हुने तह वृद्धि, बढुवा, उपदान, निवृत्तिभरण लगायतका सुविधा पाउने छैन।

## परिच्छेद-१२
## विविध

११६. **निजामती कर्मचारीले पाउने बिदाः** (१) निजामती कर्मचारीले देहायका बिदा तोकिए बमोजिम पाउनेछः-

(क) भैपरी आउने र पर्व बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) प्रसूति बिदा,

(ङ) प्रसूति स्याहार बिदा,

(च) किरिया बिदा,

(छ) विवाह बिदा

(ज) पर्यटन बिदा,

(झ) अध्ययन बिदा,

(ञ) असाधारण बिदा।

(२) प्रदेश स्वास्थ्य सेवाको कर्मचारीले उपदफा (१) बमोजिमका बिदा बाहेक तोकिए बमोजिमको सट्टा बिदा समेत पाउनेछ।

(३) बिदा निजामती कर्मचारीको अधिकार होइन, सहुलियत मात्र हो।

(४) निजामती कर्मचारीले पाउने बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११७. <u>बेतलवी बिदा</u>ः (१) कुनै निजामती कर्मचारीको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा त्यस्तो निजामती कर्मचारीले तोकिए बमोजिम बेतलवी बिदा पाउनेछ।

(२) उपदफा (१) बमोजिमको बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

११८. <u>भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको निजामती कर्मचारीले पाउने सुविधा</u>ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९७ को खण्ड (ख) को उपखण्ड (२) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको निजामती कर्मचारीले दफा ४९ बमोजिमको सञ्चय कोष, दफा ५० बमोजिमको सावधिक बीमा र दफा ६८ बमोजिमको योगदानमा आधारित निवृत्तिभरण बापत जम्मा भएको रकममध्ये त्यस्तो कर्मचारीले योगदान गरेको रकम र सोको व्याज बाहेक अन्य कुनै सुविधा पाउने छैन।

११९. <u>नोकरी नथामिने</u>ः कुनै निजामती कर्मचारीले दफा ९७ को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा पुनरावेदन परी निजको सेवा पुनः स्थापित हुने भएमा सो निर्णयको सूचना पाएको तीस दिन वा निर्णय भएको नब्बे दिन मध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन।

१२०. <u>प्रदेश निजामती सेवामा पुनः बहाली भएमा पाउने सुविधा</u>ः (१) कुनै निजामती कर्मचारीलाई दफा ९७ को खण्ड (ख) बमोजिम विशेष सजाय भएकोमा सो सजाय अदालतबाट बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रदेश निजामती सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको निजामती कर्मचारी अदालतको आदेशद्वारा प्रदेश निजामती सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले उपदफा (१) बमोजिम तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउनेछ।

१२१. <u>निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन</u>ः (१) निजामती कर्मचारीले यस ऐनको अधीनमा रही आधिकारीक ट्रेड युनियन गठन गर्न सक्नेछन्।

(२) आधिकारीक ट्रेड युनियनको निर्वाचन प्रत्येक तीन वर्षमा तोकिए बमोजिम गरिनेछ।

तर यस ऐन बमोजिम आधिकारीक ट्रेड युनियनको निर्वाचन नभएसम्म यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको आधिकारीक ट्रेड युनियनलाई यस ऐन बमोजिम निर्वाचित भएको मानिनेछ।

(३) आधिकारीक ट्रेड युनियनको निर्वाचनको प्रयोजनको लागि प्रदेशस्तरको निजामती कर्मचारीको ट्रेड युनियन तोकिए बमोजिम दर्ता गर्नु पर्नेछ। त्यसरी ट्रेड युनियन दर्ता गर्दा सेवागत, जातिगत, लैङ्गिक, पदीय वा क्षेत्रगत आधारमा गरिने छैन।

(४) उपदफा (३) बमोजिम नयाँ ट्रेड युनियन दर्ताका लागि प्रदेश कर्मचारी अभिलेखालयबाट सङ्केत नम्बर प्राप्त गरेका उपदफा (७) बमोजिम निजामती ट्रेड युनियनको सदस्यता प्राप्त गर्न योग्य निजामती कर्मचारीको कुल सङ्ख्याको बीस प्रतिशत कर्मचारीको हस्ताक्षर सहित ट्रेड युनियन दर्ताका लागि तोकिएको निकायमा निवेदन दिनु पर्नेछ।

(५) आधिकारीक ट्रेड युनियनले निजामती कर्मचारीको सामूहिक हक, हितको संरक्षण तथा सम्वर्द्धनका लागि तोकिए बमोजिम सामूहिक संवाद र सहमति गर्न तथा कानूनमा भएको व्यवस्थाको कार्यान्वयन गर्न तोकिए बमोजिम सामाजिक संवादमा सहभागी हुन पाउनेछ।

(६) आधिकारीक ट्रेड युनियन बाहेक अन्य कुनै पनि युनियनले वा निजामती कर्मचारीको समूहले सामूहिक मागदाबी पेश गर्न पाउने छैनन्। आधिकारीक ट्रेड युनियनले माग पूरा गर्नको लागि तोकिएको प्रक्रिया बमोजिम वार्ता गर्ने, छलफल गर्ने तथा मध्यस्थताको माध्यम अपनाउने बाहेक हडताल वा काम बन्द गर्न पाउने छैनन्।

(७) निजामती कर्मचारीको ट्रेड युनियनमा कार्यालय प्रमुख भई काम गर्नु पर्ने बाहेक अधिकृत आठौं तह वा सो भन्दा मुनिको कर्मचारी सहभागी हुन सक्नेछ।

(८) प्रदेश निजामती सेवामा सुधार, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि र नीति तथा मापदण्ड निर्माणमा सरकारलाई रचनात्मक सहयोग गर्नु आधिकारिक ट्रेड युनियन तथा यस दफा बमोजिम दर्ता भएका निजामती कर्मचारी ट्रेड युनियनको कर्तव्य हुनेछ।

(९) प्रदेश निजामती सेवालाई तटस्थ, मर्यादित, भ्रष्टाचारमुक्त, अनुशासित, जनमुखी, परिणाममुखी र व्यावसायिक बनाउन क्रियाशिल हुनु आधिकारिक ट्रेड युनियन तथा यस दफा बमोजिम दर्ता भएका निजामती कर्मचारी ट्रेड युनियनको जिम्मेवारी हुनेछ।

(१०) एउटै व्यक्ति दुई कार्यकालभन्दा बढी आधिकारिक ट्रेड युनियनको अध्यक्ष पदमा रहन पाउने छैन।

(११) आधिकारिक ट्रेड युनियनको कार्यसमितिको पदाधिकारी वा सदस्य भएको कारणले कुनै पनि कर्मचारीले पदीय जिम्मेवारी बमोजिमको काम गर्नबाट उन्मुक्ति वा छुट पाउने छैन। आफ्नो पदीय जिम्मेवारी पूरा गर्नु त्यस्तो पदाधिकारी तथा सदस्यको कर्तव्य हुनेछ।

(१२) आधिकारिक ट्रेड युनियनका पदाधिकारी वा सदस्यले यस ऐन र प्रचलित कानूनमा भएका आचरण सम्बन्धी विषयका अतिरिक्त देहाय बमोजिमका आचरण पालना गर्नु पर्नेछः-

(क) कुनै पनि निजामती कर्मचारीलाई ट्रेड युनियनमा आबद्ध हुन दबाब दिन वा बाध्य बनाउन नहुने,

(ख) ट्रेड युनियन सम्बन्धी कामका लागि तोकिएको बाहेक अन्य कुनै सरकारी स्रोत र साधनको प्रयोग गर्न नहुने,

(ग) ट्रेड युनियनमा आबद्ध निजामती कर्मचारीले पदाधिकार रहेको वा प्रदेश सरकारले खटाएको निकायमा अनिवार्य रुपमा सेवा गर्नु पर्ने,

(घ) तोकिए बमोजिमको अन्य आचरणको पालना गर्नु पर्ने।

(१३) उपदफा (१२) मा उल्लिखित आचरण सम्बन्धी कुराहरु उल्लंघन गर्ने निजामती कर्मचारीलाई अख्तियावालाले विभागीय कारबाही गर्नेछ।

(१४) प्रदेश आधिकारिक ट्रेड युनियन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२२. <u>निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाईको व्यवस्थाः</u> (१) निजामती कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र निजामती कर्मचारीसँग सरोकार राख्ने विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तोकिए बमोजिम राख्न सक्नेछ।

(२) निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२३. <u>बरबुझारथ गर्नु पर्नेः</u> कुनै निजामती कर्मचारीले आफूले बुझाउनु पर्ने नगदी, जिन्सी वा कागजात बढीमा एक्काइस दिनभित्र सम्बन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र सो बुझिलिनु पर्ने निजामती कर्मचारीले त्यस्तो म्यादभित्र बुझी लिनु पर्नेछ।

१२४. <u>अपाङ्गता भएको कर्मचारीको लागि विशेष व्यवस्थाः</u> (१) अपाङ्गता भएको कर्मचारीको पदस्थापन वा सरुवा गर्दा अपाङ्गताको अवस्थालाई ध्यान दिई सम्भव भएसम्म उपयुक्त स्थानमा गरिनेछ।

(२) अपाङ्गता भएको कर्मचारीको कार्य सहजताको लागि कार्य वातावरण र कार्यालयको भौतिक संरचना अपाङ्गमैत्री बनाउन तथा निजको कामलाई सहजीकरण गर्न कार्यालय प्रमुखले आवश्यक व्यवस्था गर्नु पर्नेछ।

१२५. <u>प्रदेश निजामती सेवा पुरस्कारः</u> (१) प्रदेश सरकारले प्रत्येक वर्ष प्रदेश स्थापना दिवसको दिन सेवा

प्रवाहमा विशेष योगदान दिने कर्मचारीलाई तोकिए बमोजिम प्रदेश निजामती पुरस्कार प्रदान गर्न सक्नेछ।

(२) प्रदेश निजामती पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२६. <u>निजामती अस्पताल सम्बन्धी व्यवस्था गर्न सक्ने:</u> (१) प्रदेश सरकारले प्रदेश सरकार मातहत कार्यरत कर्मचारी र प्रदेशमा रहेका स्थानीय तहमा कार्यरत कर्मचारी तथा प्रदेश निजामती सेवा र स्थानीय सेवाबाट निवृत्त भएका कर्मचारीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेश मातहतको अस्पताललाई प्रदेश निजामती सेवा अस्पताल तोक्न सक्नेछ।

(२) निजामती अस्पताल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२७. <u>प्रदेश निजामती कर्मचारी कल्याणकारी कोषको स्थापना र सञ्चालन</u>: (१) प्रदेश निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि प्रदेश निजामती कर्मचारी कल्याणकारी कोष स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२८. <u>प्रदेश सरकारले सेवा निवृत्त कर्मचारीको सेवा लिन सक्ने:</u> (१) निजामती सेवाबाट अवकाश प्राप्त गरी निवृत्तिभरण पाइरहेको कर्मचारीसँग प्रदेश सरकारले तोकिए बमोजिम आवश्यक सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउनु त्यस्तो सेवा निवृत्त कर्मचारीको कर्तव्य हुनेछ।

(३) सेवा निवृत्त कर्मचारीले उपदफा (१) बमोजिम सेवा उपलब्ध गराए वापत प्रदेश सरकारले निजलाई तोकिए बमोजिमको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।

१२९. <u>नेतृत्व परीक्षण:</u> प्रदेश लोक सेवा आयोगले यस ऐन बमोजिम नियुक्ति वा बढुवा गर्दा अधिकृत एघारौं तह वा सो सरहका कर्मचारीको तोकिए बमोजिम नेतृत्व परीक्षण गर्नेछ।

१३०. <u>व्यवस्थापन परीक्षण</u>: (१) प्रदेश लोक सेवा आयोगको कार्यक्षेत्र भित्रका विषयहरु बाहेक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिको पालना गरे, नगरेको सम्बन्धमा सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन परीक्षण गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार निर्देशन दिन तथा कुनै प्रशासकीय अनियमितता भएको देखिएमा सम्बन्धित निजामती कर्मचारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीलाई लेखी पठाउन सक्नेछ।

(३) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक सय बीस दिनभित्र व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(४) व्यवस्थापन परीक्षणको सूचक र कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३१. <u>अवकाश योजना लागू गर्न सक्ने</u>: प्रदेश सरकारले तोकिए बमोजिम अवकाश योजना लागू गर्न सक्नेछ।

१३२. <u>प्रदेश कर्मचारी अभिलेखालय:</u> (१) निजामती कर्मचारी, प्रदेश अन्य सरकारी सेवाका कर्मचारी र स्थानीय

सेवाका कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, अवकाश लगायतको अभिलेख राख्ने प्रयोजनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत एक प्रदेश कर्मचारी अभिलेखालय रहनेछ।

(२) प्रदेश कर्मचारी अभिलेखालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कर्मचारीको नोकरी अभिलेख अद्यावधिक राख्ने,

(ख) निजामती कर्मचारीको निवृत्तिभरण र उपदानको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने,

(ग) निवृत्तिभरण, उपदान, औषधी उपचार र बीमाको लागि वैयक्तिक विवरण तयार गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट विवरण माग गर्ने,

(घ) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने कर्मचारीलाई अवकाश पाउने मिति समेत खुलाई छ महिना अगावै जानकारी गराउने,

(ङ) निजामती कर्मचारीको वार्षिक तलबी विवरण पारित गर्ने, गराउने,

(च) निवृत्तिभरण कोषको सञ्चालन गर्ने,

(छ) निवृत्तिभरण, उपदान, औषधी उपचार र बीमा लगायतका अन्य रकमको निकासा दिने,

(ज) निवृत्तिभरण र उपदान सम्बन्धी अन्य आवश्यक काम कारबाही गर्ने,

(झ) कर्मचारीको अवकाश पत्र जारी गर्ने।

(३) कर्मचारीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने, गराउने दायित्व कर्मचारी कार्यरत निकाय, प्रदेश कर्मचारी अभिलेखालय र सम्बन्धित कर्मचारीको हुनेछ।

(४) उपदफा (१) बमोजिमको प्रदेश कर्मचारी अभिलेखालयको स्थापना नभएसम्म प्रदेश कर्मचारी अभिलेखालयको काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ।

(५) प्रदेश कर्मचारी अभिलेखालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३३. सङ्घीय सरकारसँग कर्मचारी माग गर्न सकिने**: प्रदेश निजामती सेवाको कुनै पद रिक्त भई कामकाज गर्न बाधा परेको र तत्काल पदपूर्ति गर्न सम्भव नभएको अवस्थामा प्रदेश सरकारले नेपाल सरकारलाई सम्बन्धित सेवा समूहका कर्मचारी प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति नभएसम्मका लागि कामकाज गर्न खटाई पठाइदिन अनुरोध गर्न सक्नेछ।

**१३४. सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने**: प्रदेश निजामती सेवाको स्वीकृत दरबन्दीभित्र करारमा कार्यरत तहविहीन कर्मचारीलाई समेत तोकिए बमोजिम सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न सकिनेछ।

**१३५. सङ्घीय कानून बमोजिम हुने**: यस ऐनमा भएका व्यवस्था सङ्घीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म सङ्घीय कानून बमोजिम हुनेछ।

**१३६. यसै ऐन बमोजिम भए गरेको मानिने**: (१) यो ऐन प्रारम्भ हुनु अघि निजामती सेवा सम्बन्धी प्रचलित कानून बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि समायोजन ऐन बमोजिम समायोजन भई आएका र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवामा स्थायी नियुक्ति भएका कर्मचारीको सेवाको शर्त,

सुरक्षा, सुविधा तथा अन्य व्यवस्था यस ऐन बमोजिम हुनेछ।

१३७. <u>अधिकार प्रत्यायोजनः</u> (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको प्रदेश निजामती कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिमको कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मातहतका निजामती कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१३८. <u>नियम बनाउने अधिकार</u>ः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा प्रदेश सरकारले प्रदेश निजामती सेवाका सबै सेवामा सामान्य रुपले लागू हुने वा बेग्लाबेग्लै सेवा वा समूहको लागि पृथक रुपले लागू हुने नियमहरु बनाउन सक्नेछ।

१३९. <u>आचार संहिताः</u> (१) प्रदेश सरकारले प्रदेश सरकार मातहत कार्यरत कर्मचारीका लागि अलग्गै आचार संहिता जारी गर्न सक्नेछ र त्यस्तो आचार संहिताको पालन गर्नु सबै कर्मचारीको कर्तव्य हुनेछ।

(२) आचार संहिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४०. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने</u>ः यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।